


**सूचनाको हक सम्बन्धी ऐन-२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको**

## <u>२०८२ माघ १ गते देखि २०८२ चैत्र मसान्त सम्मको</u>

# स्वतः प्रकाशन

**(Proactive Disclours)**

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल
फोनः०५६-५८३७०९
इमेलः-info@khairahanimun.gov.np

**( सूचनाको हक सम्बन्धी ऐन-२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण)**

२०८२ साल माघ १ गते देखि २०८२ साल चैत्र मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

# स्वतः प्रकाशन

(Proactive Disclours)

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल
फोनः०५६-५८३७०९, इमेलः-info@khairahanimun.gov.np

# १. निकायको स्वरुप र प्रकृति

## क. खैरहनी नगरपालिकाको संक्षिप्त परिचय :

बागमती प्रदेश अन्तर्गत पर्ने खैरहनी नगरपालिका चितवन जिल्लाको सदरमुकाम भरतपुरबाट करिब २२ कि.मी. पूर्वमा अवस्थित छ । नेपाल सरकारको मिति २०७१/०१/२५ को निर्णयानुसार गठन भएको चितवन जिल्लाको चैनपुर, खैरहनी र कुमरोज गरी तीन वटा गाउँ विकास समिति समावेश भई यस नगरपालिका गठन भएको हो । नेपाल सरकारको मिति २०७२/०६/०१ को निर्णय अनुसार कठार गाउँ विकास समिति समेत यस नगरपालिकामा समावेश भए पछि साविकका चार गाँउ विकास समितिहरुको संयुक्त रुप नै खैरहनी नगरपालिका हो । शुरुमा सानो ग्रामीण बजारको अवधारणाबाट अगाडी आएको यो पूर्व पश्चिम राजमार्गको निर्माण पश्चात द्रुत गतिमा शहरीकरण भै रहेको छ । यस नगरको प्रमुख बजारको रुपमा पर्सा बजारलाई लिन सकिन्छ । यो बजार खास गरी चैनपुर, भण्डारा, कठार, कुमरोज, विरेन्द्रनगर, पिठुवा तथा अन्य नजिकका बस्तीहरुको प्रमुख व्यापारिक केन्द्र पनि हो । खैरहनी नगरपालिका नामाकरण कसरी भयो भन्ने सम्बन्धमा विविध खाले किम्बदन्तीहरु पाइन्छ । प्राचिन कालमा सो क्षेत्रमा प्रसस्त खयर घारीले भरिएकाले तत्काल खयरघारीको नामले परिचित रहेको खयरघारी शब्द अपभ्रंस भई खैरहनी भएको भन्ने भनाई रहेको छ । सोही नामबाट खैरहनी गाँउ विकास समितिको नामाकरण भई सो खैरहनी गाउँ विकास समिति समेत गरी नगरपालिका गठन भएकोले यस नगरपालिकाको नाम खैरहनी नगरपालिका नामाकरण भएको हो ।


## ख. भौगोलिक अवस्थिति, सिमाना एवम् प्रशासनिक विभाजन :

समुद्री सतह देखि करिब १९० मी. उचाईमा रहेको यस नगरपालिकालाई पूर्व पश्चिम राजमार्गले उत्तर र दक्षिण दुई भागमा बरावरी बाँडिएको छ । यस नगरपालिकाले उत्तरमा कालिका नगरपालिका, पूर्वमा राप्ती नगरपालिका र पश्चिममा रत्ननगर नगरपालिका छ भने दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज अवस्थित छ । दक्षिण तर्फ प्राकृतिक सिमानाको रुपमा बुढी राप्ती नदीले खैरहनीलाई छुट्याएको छ ।

नियमित रुपमा राप्ती नदी र यसका शाखा नदीहरुले बगाएर ल्याएका कृषि योग्य मलिलो माटोको कारण यो क्षेत्र कृषिको लागि निकै उपयुक्त छ । राजनैतिक आधारमा यस नगरलाई १३ वटा वडाहरुमा विभाजन गरी स्थानीय जनताहरुलाई प्रशासनिक सेवा सूविधा पुर्याउदै आएको यस नगरपालिकाले ८५.५७ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । निर्वाचन क्षेत्रको हिसावले प्रतिनीधि सभाको लागि चितवन जिल्लामा तिन वटा निर्वाचन क्षेत्र कायम गरीएकोमा खैरहनी नगरपालिका १ नम्बर निर्वाचन क्षेत्रमा पर्दछ । त्यस्तै गरी प्रतिनीधि सभाको क्षेत्र नं. १ मा प्रदेश सभाको लागि कायम भएका २ निर्वाचन क्षेत्र मध्ये यो नगरपालिका दुवै निर्वाचन क्षेत्रमा परेको छ । जस अुनसार प्रदेश सभा निर्वाचन क्षेत्र नं. १(क) अन्तर्गत वडा नं. ३, ६, ७, ८, ९, १० र ११ गरी ७ वटा वडा पर्दछन् भने १(ख) अन्गर्तत वडा नं. १, २, ४, ५, १२ र १३ गरी ६ वटा वडा पर्दछन् । वि.सं. २०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ६७३८५ रहेको छ । जसमा ३५०५३ महिला र ३२३३२ जना पुरुष रहेकाछन् ।

| क्र.सं. | साविक गाविसका वडाहरु | साविक न.पा.का वडाहरु | हाल कायम भएका वडाहरु | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी) |
|---|---|---|---|---|---|
| १ | चैनपुर १ र २ | १ | १ | **६६५५** | ४.०१ |
| २ | चैनपुर ३ र ७ | २ | २ | **६१२८** | ८.५८ |
| ३ | चैनपुर ४, ५ र ६ | ३ | ३ | **४५२०** | ९.८७ |
| ४ | चैनपुर ८ र ९ | ४ | ४ | **४३८८** | ७.१२ |
| ५ | खैरहनी ८ र ९ | ५ | ५ | **३०१७** | ४.४८ |
| ६ | खैरहनी ६ र ७ | ६ | ६ | **५९४३** | २.१७ |
| ७ | खैरहनी ३ र ५ | ७ | ७ | **३४८१** | ४.०८ |
| ८ | खैरहनी ४ | ८ | ८ | **७४४६** | १.१९ |
| ९ | खैरहनी १ र २ | ९ | ९ | ५८०२ | ५.८५ |
| १० | कठार १,२,३,४,५,६ र ७ | १४ र १५ | १० | **७४६४** | १०.६२ |
| ११ | कठार ८ र ९ | १६ | ११ | ३३९१ | ६.३६ |
| १२ | कुमरोज ५,६,७,८ र ९ | १० र ११ | १२ | ४२३० | १०.१६ |
| १३ | कुमरोज १,२,३ र ४ | १२ र १३ | १३ | ४९२० | ११.०८ |
| **जम्मा** | | | | **६७३८५** | **१००** |

**ग. खैरहनी नगरपालिकाको नक्शा :**



## २. निकायको काम, कर्तव्य र अधिकार

यस खैरहनी नगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानिय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

## ३. निकायमा रहने कर्मचारीको विवरण

| क्र.सं. | नाम, थर | पद | सम्पर्क |
|---|---|---|---|
| १. | नेत्रप्रसाद पौडेल | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०१५१११ |
| २. | राजु बानियाँ | उप-सचिव (शिक्षा) | ९८५५०५४०४२ |
| ३. | कृष्ण प्रसाद उपाध्याय | सिनियर डिभिजन ईन्जिनियर | ९८५५०५५५८६ |
| ४. | सन्दिप ओझा | ईन्जिनियर (अधिकृतस्तर सातौं) | ९८४५६५५६९६ |
| ५. | गोपाल तिवारी | लेखा अधिकृत | ९८४१८९३१११ |
| ६. | शिव प्रसाद पौडेल | प्रशासकीय अधिकृत (अधिकृतस्तर सातौं) | ९८५५०८२५८३ |
| ७. | शिव प्रसाद शर्मा | ईन्जिनियर (अधिकृतस्तर सातौं) | ९८५५०४६१९५ |
| ८. | सुमन सिलवाल | शिक्षा अधिकृत | ९८५५०५३३१६ |
| ९. | आशिष पौडेल | वातातावरण ईन्जिनियर (अधिकृतस्तर सातौं) | ९८४३२६२०९९ |
| १०. | सुरक्षा कट्टेल | पशु विकास अधिकृत (अधिकृतस्तर सातौं) | ९८४३८७३८८२ |
| ११. | सिर्जना श्रेष्ठ | कृषि अधिकृत (अधिकृतस्तर सातौं) | ९८४५८११३६१ |
| १२. | सार्थक घिमिरे | प्रशासकीय अधिकृत (अधिकृतस्तर सातौं) | ९८४२५६८१७० |
| १३. | दामोदर अधिकारी | प्रशासकीय अधिकृत (अधिकृतस्तर छैठौं) | ९८४५०५०६७१ |
| १४. | कृष्ण कुमारी गुरुङ | महिला वि. अ. (अधिकृतस्तर छैठौं) | ९८४५०५३१०३ |
| १५. | तिर्थराज खनाल | अधिकृत छैठौं | ९८४८८१४३२८ |
| १६. | संजय सापकोटा | अधिकृत छैठौं | ९८४५५४३७७८ |
| १७. | टेक बहादुर ओली | सहायक पशु विकास अधिकृत | ९८४४८५३३९८ |
| १८. | पुष्पराज दुवाडी | सहायक बिद्यालय निरक्षक | ९८४१७१६१०३ |
| १९. | विवेक भण्डारी | सहायक कम्प्युटर अधिकृत | ९८४५४४१०७३ |
| २०. | रमेश पौडेल | रोजगार संयोजक | ९८४५२१८०४० |
| २१. | योगेश चापागाई | ईन्जिनियर | ९८६१३१३४६५ |
| २२. | निशान अर्याल | पशु चिकित्सक (अधिकृतस्तर छैठौं) | ९८६७९५३४५२ |
| २३. | सुजन लौडारी | सूचना प्रविधि अधिकृत (अधिकृतस्तर छैठौं) | ९८४५९२८३५३ |
| २४. | ध्रुव आचार्य | प्राविधिक सहायक (कृषि विकास) | ९८४१८१४४२१ |
| २५. | मागर महत्तो | सहायक पाँचौं | ९८४५६५२४२८ |
| २६. | तेज विक्रम वली | पशु सेवा प्राविधिक | ९८६४७२०५४५ |
| २७. | कर्ण बहादुर थापा | सब-इन्जिनियर | ९८४५०७९१७३ |
| २८. | लक्ष्मी घिमिरे | लेखापाल | ९८५५०८१६७७ |
| २९. | छन्नु प्रसाद चौधरी | सहायक पाँचौं | ९८४५०४९७४८ |
| ३०. | होमनाथ पहाडी | सहायक पाँचौं | ९८६५०७७४५० |
| ३१. | नित्या दाहाल | प्राविधिक सहायक पाँचौं | ९८४५१०५४९७ |
| ३२. | राकेश कुमार शाह | प्राविधिक सहायक पाँचौं | ९८४१२०१०८५ |
| ३३. | बसन्त ज्ञवाली | सहायक पाँचौं | ९८४७४३११३०८ |

| | | | |
|---|---|---|---|
| ३४. | संजय श्रेष्ठ | सहायक पाँचौं | ९८४२१७१०९४ |
| ३५. | बासुदेव खरेल | सहायक पाँचौं | ९८४९०२९७९५ |
| ३६. | मनोज सुवेदी | लेखापाल | ९८४५२७२१४६ |
| ३७. | विशाल बेल्वासे | आ.ले.प. पाँचौ | ९८४७३०३९२८ |
| ३८. | निर्चना चापागाई | पशु सेवा प्राविधिक पाँचौं | ९८४५७८३६०३ |
| ३९. | सुजिता पौडेल | सब-ईन्जिनियर | ९८४६७३९३९९ |
| ४०. | पप्पु कुमार शाह | सब-ईन्जिनियर | ९८६५५९१२५३ |
| ४१. | दिपा भुसाल मानवी | सहायक पाँचौं | ९८४५३३२७८७ |
| ४२. | देवेन्द्र ढकाल | सहायक पाँचौं | ९८६३२२४२४३ |
| ४३. | घनश्याम पोखरेल | सहायक पाँचौं | ९८६७३०७५१२ |
| ४४. | लिलाधर अवस्थी | सहायक पाँचौं | ९८४८८२३८९६ |
| ४५. | विद्यानन्द चौधरी | सहायक पाँचौं | ९८४२८९४०१९ |
| ४६. | सुशिला के.सी. | सहायक पाँचौं | ९८२५१६३४०४ |
| ४७. | सरिता शर्मा | सहायक पाँचौं | ९८४५५९७८६५ |
| ४८. | जुना शर्मा | सहायक पाँचौं | ९८४५९२३०६० |
| ४९. | सुस्मिता ढकाल | सब-ईन्जिनियर | ९८६७०४६२३३ |
| ५०. | दिपक चौधरी | सब-ईन्जिनियर | ९८४१७४७३१८ |
| ५१. | केशव चालिसे | सब-ईन्जिनियर | ९८५५०५०५८६ |
| ५२. | विपिन ढकाल | सब-ईन्जिनियर | ९८४३२५४१३७ |
| ५३. | सुजन नेपाल | सब-ईन्जिनियर | ९८६५२५४१३७ |
| ५४. | यमुना सापकोटा | प्राविधिक सहायक पाँचौं | ९८५११५१०७३ |
| ५५. | प्रेम बहादुर सिलवाल | कम्प्युटर अपरेटर | ९८६१८७११८९ |
| ५६. | सन्दिप थापा मगर | सर्भेक्षक | ९८४११११६०४ |
| ५७. | सुमा चौधरी | एम.आई.एस.अपरेटर पाँचौं | ९८४९१२१११२६ |
| ५८. | मिलन दराई | सब-ईन्जिनियर | ९८६७२२६५५८ |
| ५९. | शान्ति कुमारी दाहाल | वरिष्ठ उ.वि. सहजकर्ता | ९८४८१३८६७४ |
| ६०. | संजय कुमार चौधरी | कानूनी सहजकर्ता | ९८४५०६५६४५ |
| ६१. | पूर्ण माया रायमाझी | एम.आई.एस.अपरेटर (सहायक पाँचौं) | ९८४५५०५६१८ |
| ६२. | सलिम मिया | प्राविधिक सहायक | ९८६५२४९०६४ |
| ६३. | एलिना भुजेल | अ. सब-ईन्जिनियर | ९८६४६८२४३२ |
| ६४. | रमेश भुषाल | सहायक चौथो | ९८४७७७३०८७ |
| ६५. | देवी अधिकारी | सहायक म.वि.निरिक्षक (सहायक चौथो) | ९८४९०८९८३२ |
| ६६. | ज्योति शर्मा | सहायक चौथो | ९८४२४४९४४७ |
| ६७. | गिता राई | सहायक चौथो | ९८६७८७२८७६ |
| ६८. | सिता शिवाकोटी | सहायक चौथो | ९८४५०८९६७८ |

| | | | |
|---|---|---|---|
| ६९. | लिला रावल | सहायक चौथो | ९८४५४८०००४ |
| ७०. | केशरी माया पाठक | सहायक चौथो | ९८६५२४९१६० |
| ७१. | रन्जना नेपाल उप्रेती | सहायक चौथो | ९८४८२६८६१२ |
| ७२. | कृष्ण प्रसाद पराजुली | सहायक चौथो | ९८४५०८५२८२ |
| ७३. | आतिस चौधरी | फिल्ड सहायक | ९८४५२३९३३७ |
| ७४. | मनिष पौडेल | ल्याब टेक्निसियन | ९८४५९५६१३६ |
| ७५. | सन्देश चौधरी | कम्प्युटर टेक्निसियन | ९८४५६९४५८३ |
| ७६. | दिलिप कुमार चौधरी | अ. सब- ईन्जिनियर | ९८०५९२९८९७ |
| ७७. | दिपेन्द्र प्रसाद मण्डल | अ. सब- ईन्जिनियर | ९८४५१९१८२४ |
| ७८. | अविनाश चौधरी | सहायक कम्प्युटर अपरेटर | ९८४५५२३११९ |
| ७९. | निशान्त न्यौपाने | सहायक कम्प्युटर अपरेटर | ९८६३०५०१४६ |
| ८०. | दिनेश भुसाल | रोजगार सहायक | ९८४५८१९९२६ |
| ८१. | तोयनाथ अधिकारी | हलुका सवारी चालक (प्रा.) | ९८५५०८१३३३ |
| ८२. | प्रकाश बहादुर श्रेष्ठ | हेभी सवारी चालक | ९८०६८२००४० |
| ८३. | भिष्म महतो | हलुका सवारी चालक | ९८४५८१९९३५ |
| ८४. | मीन बहादुर पाण्डे | हलुका सवारी चालक | ९८६५०७५५४१ |
| ८५. | खेम नारायण श्रेष्ठ | दमकल चालक | ९८५५०८२६५० |
| ८६. | राम चौधरी | दमकल चालक | ९८६५३७७१०५ |
| ८७. | नवराज रिजाल | दमकल चालक | ९८६५३५०१४७ |
| ८८. | सुवास तिवारी | दमकल चालक | ९८६९०४३२४६ |
| ८९. | कमल प्रसाद ढुंगेल | नगर प्रहरी हवल्दार | ९८६०४१८९४० |
| ९०. | टिका नारायण श्रेष्ठ | नगर प्रहरी | ९८४५८१३९६४ |
| ९१. | हेमकला महतो | नगर प्रहरी | ९८४५३२१०९३ |
| ९२. | जीवन महतो | नगर प्रहरी | ९८६५२५४५४१ |
| ९३. | बालकृष्ण चौधरी | नगर प्रहरी | ९८४५१९९५७८ |
| ९४. | भिमसेन अधिकारी | नगर प्रहरी | ९८४१९२८४०६ |
| ९५. | सिता कुमारी चौधरी | नगर प्रहरी | ९८११८९३७९७ |
| ९६. | एक बहादुर पौडेल | कार्यालय सहयोगी | ९८४५०६८४६१ |
| ९७. | विष्णु प्रसाद अर्याल | कार्यालय सहयोगी | ९८४४२०८५२६ |
| ९८. | निर्मला घिमिरे | कार्यालय सहयोगी | ९८४५४४१३४५ |
| ९९. | लक्ष्मी अर्याल | कार्यालय सहयोगी | ९८४५५६५२१६ |
| १००. | भगवती अर्याल | कार्यालय सहयेगी | ९८६५४०१०७० |
| १०१. | सुमित्रा चौलागाई | कार्यालय सहयोगी | ९८६३३७२३७८ |
| १०२. | गोमा चौलागाई डोटेल | कार्यालय सहयोगी | ९८४५२८८३८६ |
| १०३. | सुस्मा चौधरी | कार्यालय सहयोगी | ९८६५४२३५८२ |

| | | | |
|---|---|---|---|
| १०४. | सुकमाया तामाङ | कार्यालय सहयोगी | ९८४६८७२८८७ |
| १०५. | मोनिका चौधरी | कार्यालय सहयोगी | ९८४५३४४४८२ |
| १०६. | अप्सरा पोखरेल | कार्यालय सहयोगी | ९७४९८४९२३८ |
| १०७. | गिता कंडेल | कार्यालय सहयोगी | ९८४५०७७२८७ |
| १०८. | सर्मिला सिलवाल | कार्यालय सहयोगी | ९८४९०७८०९० |
| १०९. | सुदिप चौधरी | कार्यालय सहयेगी | ९८४५०४३६९७ |
| ११०. | सन्तोष अर्याल | कार्यालय सहयेगी | ९८६५१५३६८४ |
| १११. | सृजना कट्टेल | कार्यालय सहयोगी | ९८४५२७३८९० |
| ११२. | सम्झना बस्नेत | कार्यालय सहयोगी | ९८४५१५११९६ |
| ११३. | हिमा थापा | कार्यालय सहयोगी | ९८४५०५२०३३ |
| ११४. | संविधान प्रजा | कार्यालय सहयोगी | ९८४२६०८२८१ |
| ११५. | सुभद्रा पन्त | सरसफाईकर्मी | ९८१५२१२२६९ |
| ११६. | राजाराम उपाध्याय | माली | ९८६१७०४२९२ |
| ११७. | एकराज महतो | ट्राक्टर चालक | ९८६५२३५६८४ |
| ११८. | गानधी कुमारी | सरसफाईकर्मी | ९८२४४७९०५५ |

**खैरहनी नगरपालिका स्वास्थ्य शाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको सम्पर्क विवरण:**

| क्र.स. | नाम, थर | पद | तह | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | डा. सुजिता गौतम बतौंला | मेडिकल अधिकृत | अधिकृत आठौं | ९८४९४९५६८४ |
| २ | डा. सचित यादव | मेडिकल अधिकृत | अधिकृत आठौं | ९८६६३०००३४ |
| ३ | डा. अभय सेढाई | मेडिकल अधिकृत | अधिकृत आठौं | ९८४३६६७९४२ |
| ४ | डा. अमृत भुषाल | मेडिकल अधिकृत | अधिकृत आठौं | ९८४५८६४९८० |
| ६ | भोजराज खनाल | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | ९८५५०६६६१९ |
| ७ | बिनिता पौड्याल | अस्पताल नर्सिंग निरिक्षक | अधिकृत छैठौं | ९८६९४०७२०० |
| ८ | ईमामुदिन मियाँ | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८६५२३९५३९ |
| ९ | नविन अधिकारी | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८४५५४३९०० |
| १० | अनुज मिश्र | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८४५३५८४५७ |
| ११ | टेकनाथ बसेल | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८५५०६५३४८ |
| १२ | नबिन पराजुली | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८४५३३३९७९ |
| १३ | शान्ति देवी कंडेल | अस्पताल नर्सिङ निरिक्षक | अधिकृत छैठौं | ९८४५५४४७३१ |
| १४ | रुद्र प्रसाद शर्मा | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८४५०७८१६४ |
| १५ | पिताम्बर पन्त | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८५५०४६१७१ |
| १६ | रमेश अधिकारी | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८४५३२१४५३ |
| १७ | लक्ष्मी शर्मा | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८४५०४३२९८ |

| | | | | |
|---|---|---|---|---|
| १८ | चुडामणि काफ्ले | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८४१००६१५२ |
| १९ | गीता कोइराला | सि. अ.न.मि निरिक्षक | अधिकृत छैठौं | ९८४५०२६०५८ |
| २० | नमुना थापा | सि. अ.न.मि निरिक्षक | अधिकृत छैठौं | ९८४५०६३०५९ |
| २१ | लिलाराम शर्मा | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८५७६२५९०७ |
| २२ | गृष्मा पोखरेल | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८४५५६३१७६ |
| २३ | कल्पना भण्डारी | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८४२९३४३२१ |
| २४ | सरिता जोशी | सि. अ.न.मि निरिक्षक | अधिकृत छैठौं | ९८४५१४०३८५ |
| २५ | घनश्याम तिमिल्सिना | ल्याब टेक्नोलोजिष्ट | अधिकृत छैठौं | ९८५५०४६८५२ |
| २६ | नरेश पाण्डे | फार्मेसी अधिकृत | अधिकृत छैठौं | ९८४५७८३०४५ |
| २८ | अजिना श्रेष्ठ | सि.अ.हे.व | सहायक पाँचौं | ९८४६७२२९९८ |
| २९ | दुर्गा निरौला | सि.अ.न.मि | सहायक पाँचौं | ९८४५२४३०८३ |
| ३० | पविता गुरुङ | सि.अ.न.मि | सहायक पाँचौं | ९८६५००२८४३ |
| ३१ | नमुना राना मगर | सि.अ.न.मि | सहायक पाँचौं | ९८४६१४२२७३ |
| ३२ | कुसुम राई | सि. अ.न.मि | सहायक पाँचौं | ९८४५६६२३१७ |
| ३३ | लक्ष्मि वस्ती | सि. अ.न.मि | सहायक पाँचौं | ९८४५०६१२९२ |
| ३४ | दिनेश शर्मा | हेल्थ असिस्टेन्ट | सहायक पाँचौं | ९८४७६२२५३८ |
| ३५ | संगिता खनाल | सि. अ.न.मि | सहायक पाँचौं | ९८४५३५५४८३ |
| ३६ | यसोदा सापकोटा | सि. अ.न.मि | सहायक पाँचौं | ९८४५३२०६७८ |
| ३७ | सन्तोषी अधिकारी | सि. अ.न.मि | सहायक पाँचौं | ९८४५३५६९७७ |
| ३८ | बुद्धिमाया राई | सि. अ.न.मि | सहायक पाँचौं | ९८४५३५७३१० |
| ३९ | सुलोचना वि.क | बरिष्ठ ल्या. अ | सहायक पाँचौं | ९८६७१६१२४२ |
| ४० | मञ्जु कुमारी महतो | सि.अ.हे.व | सहायक पाँचौं | ९८४५३२३९८६ |
| ४१ | रंजित थापा मगर | सि.अ.हे.व | सहायक पाँचौं | ९८४५७१७६५४ |
| ४२ | रोशनी महतो | सि. अ.न.मि | सहायक चौथो | ९८४५०७३६३१ |
| ४३ | दुर्गा मिधुन | सि.अ.हे.व | सहायक पाँचौं | ९८४७२३११९२ |
| ४४ | सुनिल ढकाल | सि.अ.हे.व | सहायक पाँचौं | ९८४५८१५०७१ |
| ४५ | अमृत चौधरी | हेल्थ असिस्टेन्ट | सहायक पाँचौं | ९८४५९४७०५२ |
| ४६ | मान्वी महतो | सि. अ.न.मि | सहायक पाँचौं | ९८४५६१२४२० |
| ४७ | वर्षा बस्नेत | स्टाफ नर्स | सहायक पाँचौं | ९८४८१८०७२६ |
| ४८ | एन्जिला पुन | स्टाफ नर्स | सहायक पाँचौं | ९८४५७७२९१६ |
| ४९ | निर्मला चौधरी | ल्याब टेक्निसियन | सहायक पाँचौं | ९८४५६१६२१५ |
| ५० | भिष्म चौधरी | ल्याब टेक्निसियन | सहायक पाँचौं | ९८६५१८७७६७ |
| ५१ | कविराज तिवारी | ल्याब टेक्निसियन | सहायक पाँचौं | ९८५५०८२४८० |
| ५२ | सुनिता पाठक ढकाल | ल्याब टेक्निसियन | सहायक पाँचौं | ९८४५३३०६११ |
| ५३ | कला गौतम | फार्मेसी सहायक | सहायक पाँचौं | ९८११८०१४२६ |

| | | | | |
|---|---|---|---|---|
| ५४ | अप्सरा धरेल | फार्मेसी सहायक | सहायक पाँचौं | ९८६०६८३९१६ |
| ५५ | बिमा कुमारी राना मगर | ल्याब टेक्निसियन | सहायक पाँचौं | ९८६९३९३६५७ |
| ५६ | सोममाया गुरुङ्ग | स्टाफ नर्स | सहायक पाँचौं | ९८२१८५२३११ |
| ५७ | आशिका भुषाल | स्टाफ नर्स | सहायक पाँचौं | ९८४३८१५३५९ |
| ५८ | लक्ष्मी शर्मा | अ.न.मि | सहायक चौथो | ९८४५३७२१०१ |
| ५९ | शर्मिला चौधरी | अ.हे.व | सहायक चौथो | ९८४४३१०२९९ |
| ६० | चन्द्रा कार्की | अ.न.मि | सहायक चौथो | ९८६११७२३०५ |
| ६१ | संजु चौधरी | अ.हे.व | सहायक चौथो | ९८४५८९१९७४ |
| ६२ | मिन प्रसाद ढकाल | अ.हे.व | सहायक चौथो | ९८४५९२९७३९ |
| ६३ | सबिता सिम्खडा | अ.न.मि | सहायक चौथो | ९८४५२८९०६३ |
| ६४ | निर्मला महतो | अ.न.मि | सहायक चौथो | ९८४५४८०२५८ |
| ६५ | सिर्जना महतो | अ.हे.व | सहायक चौथो | ९८४५३५५८१२ |
| ६६ | सुजिता चौधरी | विमा क्लेम सहायक | सहायक चौथो | ९८६५२३९३८९ |
| ६७ | रेशम कुमार नेपाल | कार्यालय सहयोगी | पाँचौं स्तर | ९८४५०६४७४८ |
| ६८ | देबी बि.क | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८४५२३९०४२ |
| ६९ | गीता सिम्खडा | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८४५३४४९६२ |
| ७० | अन्जली अर्याल | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८६४५१५५४४ |
| ७१ | उषा चौधरी | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८६५१५८७१७ |
| ७२ | कल्पना पाठक | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८४५१५२५४१ |
| ७३ | मिना देबी सापकोटा भुसाल | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८६५२३९३४२ |
| ७४ | झलकुमारी श्रेष्ठ | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८१११२१७६२ |
| ७५ | अरोज महतो | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८६५५०७०५४ |
| ७६ | सरस्वती तिमल्सिना | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८६०२४८१४२ |
| ७७ | सरस्वती कार्की | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८४५४९२०१६ |
| ७८ | ओम कुमारी डल्लाकोटी | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८४५४४४२९४ |
| ७९ | रचना लोहनी | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८४५०४७४०० |
| ८० | सुनम चौधरी | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८४८९५२९५७ |
| ८१ | गोकर्ण थापा | एम्बुलेन्स चालक | श्रेणी बिहीन | ९८६५२०००४४ |
| ८२ | रिमा दहित | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८१०३७५२७२ |
| ८३ | सुसिला चौधरी | कार्यालय सहयोगी | श्रेणी बिहीन | ९८४५३२१६०२ |

## ४. निकायबाट प्रदान गरिने सेवाहरु :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानुनहरु ( ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), खैरहनी नगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## ५. सेवा प्रदान गरिने निकायको शाखा र जिम्मेवार अधिकारी :

यस नगरपालिकाले सेवा सुविधा प्रवाह गर्न शाखाहरु, १३ वटा वडा कार्यालयहरु रहेका छन् । नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकारीको पदमा कार्यरत अधिकारीको विवरण खैरहनी नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np मा उल्लेख गरिएको छ ।

## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि :

यस नगरपालिकाले प्रदान गर्न विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समायवधी विवरण खैरहनी नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक बडापत्र समेतबाट निर्धारण गरिन्छ । खैरहनी नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np मा समेत उल्लेख गरिएको छ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघिय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही तालुक मन्त्रालयको निर्देशन परिपत्रहरुको अधिनमा रही प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदिय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । नगरपालिकाको नितिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाइ निरन्तर अनुगमन नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको वैठकले गरेको निर्णय, अनुगमन समिति, सहरी योजना आयोग, अनुगमन तथा मूल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस नगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्र. सापकोटालाई गुनासो सुन्ने अधिकारीको रुपमा तोकिएको छ ।

# ९. सम्पादन गरेको कामको विवरण

## क. आर्थिक विकास

### ९.१ कृषि

- नगरपालिकाले उत्पादन र उत्पादकत्व वृद्धिका लागि प्राविधिक सेवालाई घरदैलोमै पुऱ्याएको छ। यस अवधिमा ७४ जना कृषकको खेतमै पुगेर र १२२ जनालाई प्लान्ट क्लिनिक प्रयोगशाला मार्फत रोग-कीराको निदान गरी परामर्श प्रदान गरिएको छ।
- ५३ वटा माटोको नमुना परीक्षण गरी माटोको अम्लीयपन सुधार गर्न ७५ प्रतिशत अनुदानमा ३० मेट्रिक टन कृषि चुन वितरण गरिएको छ। साथै, रासायनिक विषादीको प्रयोग न्यूनीकरण गर्न जैविक विषादी र मोहनी पासो वितरण गरिएको छ भने खाद्य सुरक्षा सुनिश्चित गर्न ९ वटा सिँचाई कुलो पूर्वाधारहरूको मर्मत कार्य ठेक्का प्रक्रिया मार्फत द्रुत गतिमा अघि बढाइएको छ।
- मलखाद र बीउबिजनको सहज उपलब्धताका लागि नगरपालिकाले सक्रिय भूमिका निर्वाह गरेको छ। यस अवधिमा कूल ७२५ मेट्रिक टन युरिया, ५२५ मेट्रिक टन डिएपी र १५३ मेट्रिक टन पोटास डिलर मार्फत कृषकहरूलाई वितरण गर्ने व्यवस्था मिलाइएको छ। त्यसैगरी, चैते धान प्रवर्द्धनका लागि ४२७ जना कृषकलाई १५ मेट्रिक टन उन्नत बीउ वितरण गरिएको छ।
- संघीय सरकारको समन्वयमा मकै बालीको नयाँ पकेट विकास कार्यक्रम र भूमिहीन कृषकहरूका लागि जग्गा भाडामा अनुदान उपलब्ध गराउने जस्ता महत्वपूर्ण कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेका छन्।
- कृषकहरूको सीप विकासका लागि विभिन्न साझेदारीमा तालिमहरू सञ्चालन गरिएका छन्। 'एड-वन' संस्थाको सहयोगमा ६० जना विपन्न तथा सीमान्तकृत कृषकलाई तरकारी खेती र 'फाइदा' परियोजनासँगको सहकार्यमा जलवायुमैत्री कृषि सम्बन्धी आधारभूत तालिमहरू प्रदान गरिएको छ।
- सामाजिक सञ्जाल मार्फत १२ वटा कृषि प्रविधि सम्बन्धी भिडियोहरू प्रसारण गरी प्रविधि विस्तार गरिएको छ भने ११औँ खिचरा महोत्सवको कृषि परिसरलाई प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराइएको छ।
- आगामी दिनमा एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) कृषक पाठशाला सञ्चालन गरी कृषिलाई थप आधुनिक र व्यावसायिक बनाउन नगरपालिका प्रतिबद्ध रहेको व्यहोरा अवगत गराउँदछु।
- यस खैरहनी नगरपालिकाले भूमिहीन तथा विपन्न कृषकहरूलाई लक्षित गरी कृषि उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यले "जमिन भाडामा लिई खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान कार्यक्रम" कार्यान्वयनको लागि लाभग्राही छनौटको लागि सूचना आह्वान गरेको छ।

### ९.२ पशुपालन

- नगरपालिकाले पशुजन्य उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्यका साथ पशुपन्छी उपचार सेवालाई थप आधुनिक र गुणस्तरीय बनाएको छ।

- वडा नं. ६ मा सञ्चालित पशुपन्छी उपचार कक्षबाट नियमित उपचारका साथै 'भिडियो एक्सरे' र प्रयोगशाला सेवा समेत उपलब्ध गराइएको छ। यस अवधिमा १ हजार ९ सय ७० जना कृषकहरूलाई प्रत्यक्ष सेवा तथा परामर्श प्रदान गरिएको छ भने प्रयोगशाला मार्फत १ हजार २ सय १७ वटा गोबर परीक्षण र दूधको गुणस्तर जाँचका लागि 'सिएमटी' (CMT) तथा कल्चर परीक्षणका कार्यहरू सम्पन्न भएका छन्।
- पशुहरूमा लाग्ने संक्रामक महामारी नियन्त्रणका लागि नगरपालिकाले खोप अभियानलाई व्यापक बनाएको छ। जसअन्तर्गत ११ हजार ३ सय ३४ पशुलाई खोरेत, ९ हजार २ सय ५२ पशुलाई लम्पी स्किन, १ हजार ३ पशुलाई रेबिज र २५० बङ्गुरलाई स्वाइन फिभर विरुद्धको खोप लगाइएको छ।
- जेनजी आन्दोलनको कारण औषधी भण्डारमा भएको क्षतिलाई पूर्ति गर्न पुनः औषधि खरिद गरी आवश्यकता अनुसार वितरण गरिएको छ भने लम्पी स्किनबाट प्रभावित २ हजार ६ सय ३८ पशुलाई निःशुल्क औषधि उपलब्ध गराइएको छ।
- पशु नश्ल सुधार र व्यावसायिक प्रवर्द्धनतर्फ १२ हजार ६ सय ५५ वटा गाई तथा भैंसीमा कृत्रिम गर्भाधान गराई उन्नत नश्ल विकासमा टेवा पुऱ्याइएको छ।
- बागमती प्रदेश सरकारको समन्वयमा खैरहनीका विभिन्न वडाहरूमा गाई, भैंसी, माछा र बङ्गुर प्रवर्द्धनका विशेष कार्यक्रमहरू सञ्चालनमा रहेका छन्, जसका लागि प्राप्त आवेदनहरूको स्थलगत अनुगमन कार्य जारी छ।
- कृषकहरूको लगानी सुरक्षाका लागि पशु बीमा सिफारिस र परजीवी नियन्त्रणका कार्यहरूलाई समेत प्राथमिकताका साथ अगाडि बढाइएको व्यहोरा जानकारी गराउँदछु।
- गाईभैंसी तथा हे/साइलेज प्रवर्द्धन कार्यक्रम अन्तर्गत साझेदारीका लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन भई प्रस्ताव दर्ता तथा छनौट हुने क्रममा रहेको छ। साथै, एक वडा एक काउ लिफ्टर' कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा मेसिन वितरण गर्नका लागि दुग्ध उत्पादक सहकारी संस्थाहरूबाट प्रस्ताव आह्वान भई छनौटको प्रक्रियामा रहेको छ।
- यस खैरहनी नगरपालिकाले दुग्ध उत्पादक कृषकहरूलाई प्रोत्साहन गर्न बागमती प्रदेश सरकार र नगरपालिकाको संयुक्त लगानीमा प्रति लिटर दूधमा अनुदान दिने कार्यक्रम सञ्चालनका लागि दुग्ध उत्पादक सहकारी संस्थाहरूबाट प्रस्ताव आह्वान गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाईएको छ।

### ९.३ उद्यम विकास

- खैरहनी नगरपालिकाले स्थानीय स्तरमा स्वरोजगार सिर्जना र आयआर्जनका अवसरहरू विस्तार गर्न लघु उद्यम विकासका कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको छ।
- गत आर्थिक वर्षमा तालिम प्राप्त सहभागीहरूमध्ये चालु आर्थिक वर्षको कार्तिक मसान्तसम्म ब्युटी पार्लर, ढाका बुनाई, चप्पल निर्माण, च्याउ खेती र ड्रागन फ्रुट व्यवसायमा ४४ जनाभन्दा बढी

उद्यमीहरू प्रत्यक्ष रूपमा व्यावसायिक क्षेत्रमा आबद्ध भई उत्पादन र सेवा प्रवाहमा जुटिरहनुभएको छ।

- सीपलाई विशिष्टीकरण गर्ने उद्देश्यले यस अवधिमा आधारभूत सिलाई-कटाई तालिम पूरा गरेका उद्यमीहरूका लागि एड्भान्स्ड (Advanced) तालिम र ब्युटिसियन क्षेत्रमा लाग्न इच्छुक उद्यमीहरूका लागि तीन महिने विशिष्टकृत सीप विकास तालिम सम्पन्न गरिएको छ।
- सूचना प्रविधि र आधुनिक प्राविधिक क्षेत्रलाई समेट्दै मोबाइल मर्मत र मन्टेश्वरी शिक्षण सम्बन्धी तालिमहरू सफलतापूर्वक सम्पन्न भएका छन्।
- उद्यमीहरूलाई व्यवसाय सञ्चालनमा आइपर्ने कठिनाइहरू समाधान गर्न नियमित प्राविधिक परामर्श र अनुगमनको कार्यलाई समेत निरन्तरता दिइएको छ।
- स्थानीय उत्पादन र समावेशी उद्यमशीलतालाई प्रवर्द्धन गर्ने क्रममा 'बीउ पुँजी कार्यक्रम' अन्तर्गत फरक क्षमता भएका व्यक्तिहरूलाई सरफ र साबुन उत्पादन व्यवसायमा आबद्ध गराइएको छ भने नगरको पर्यटन विकासमा टेवा पुर्‍याउन होमस्टे (Homestay) व्यवसाय सञ्चालनको प्रक्रिया अन्तिम चरणमा पुगेको छ।
- आगामी दिनका लागि आधुनिक प्रविधिसँग मेल खाने ड्रोन अपरेसन, ग्राफिक डिजाइनिङ, विद्यूतीय सवारी साधन मर्मत र उन्नत कृषि प्रविधि जस्ता विशेष सीपमूलक तालिमका लागि आवेदन संकलन गरी छनोट प्रक्रिया अगाडि बढाइएको व्यहोरा जानकारी गराउँदछु।

## ९.४ श्रम तथा रोजगारी

- राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुल सक्रिय जनसङ्ख्या मध्ये ९३.०५ प्रतिशत अक्सर रोजगार र ६.९५ प्रतिशत जनसङ्ख्या अक्सर बेरोजगार रहेका छन।
- नगरपालिकाले नागरिकको सुरक्षित वैदेशिक रोजगारी र श्रम अधिकारलाई प्राथमिकता दिँदै चालु आर्थिक वर्षको समीक्षा अवधिसम्म ३ सय २९ जना व्यक्तिहरूलाई श्रम स्वीकृति प्रक्रियामा सहजीकरण गरेको छ।
- वैदेशिक रोजगार बोर्डमार्फत प्राप्त हुने आर्थिक सहायता तथा सन्तति छात्रवृत्तिका सुविधाहरू अन्तर्गत १२ जना लाभग्राहीलाई आवश्यक समन्वय गरिएको छ भने वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि सामाजिक सुरक्षा कोषसम्बन्धी सचेतना र नियमित परामर्शका कार्यहरू निरन्तर भइरहेका छन्।
- सुरक्षित वैदेशिक रोजगारीका सन्दर्भमा जनप्रतिनिधि र सरोकारवालाहरूबीच अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न गरिएको छ।
- आन्तरिक रोजगारी प्रवर्द्धन तर्फ, न्यूनतम रोजगारीका लागि आवेदन दिएका १७६ जना बेरोजगार व्यक्तिहरूको प्राथमिकता सूची प्रकाशन गरी हालसम्म १३ जनालाई प्रत्यक्ष रोजगारीमा संलग्न गराइएको छ।

- आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रत्येक वडा कार्यालयमार्फत बेरोजगार दर्ताको आवेदन संकलन कार्य अगाडि बढाइएको छ। विभिन्न संघसंस्थाहरूसँगको समन्वयमा नि:शुल्क सीपमूलक तालिमका लागि सूचना सम्प्रेषण तथा इच्छुक व्यक्तिहरूलाई सिफारिस गर्ने कार्य भइरहेको छ।
- ११ औं खिचरा महोत्सवमा नगरपालिकाद्वारा प्रवर्द्धित कृषि तथा उद्यमीहरूका लागि प्रदर्शनी स्टलको व्यवस्था गरी स्थानीय उत्पादन र सीपको व्यावसायिक प्रवर्द्धन गरिएको व्यहोरा जानकारी गराउँदछु।
- यसका अतिरिक्त, यस खैरहनी नगरपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सूचना प्रकाशन भई आवेदन संकलन तथा छनौट हुने क्रममा रहेको छ।यस कार्यक्रम मार्फत वैदेशिक रोजगारीका अनुभव आदानप्रदान गर्नुका साथै उद्यमी बन्न चाहने ४० जना युवाहरूलाई आवश्यक सीप विकास तालिम प्रदान गरी स्वरोजगारतर्फ प्रोत्साहित गर्ने लक्ष्य राखिएको छ।

### ९.५ बजार अनुगमन

- खैरहनी नगरपालिकामा गत आ.व. र चालु आ.व. मा नियमित बजार अनुगमन भैरहेको छ। अनुगमनका क्रममा नियम विपरित कार्य गरेको देखिएका व्यवसायिलाई सचेत गराउने देखि कारबाहीका लागि सिफारीस गर्ने कार्य भएको छ।
- बजार क्षेत्रमा होटल तथा रेष्टुरेण्ट, किराना पसल, फेन्सी पसल, हार्डवयर, कस्मेटिक पसल र औषधी पसलको अनुगमन गरिएको थियो।

### ९.६ पर्यटन

- यस नगरपालिकाको वडा नं. ४ को कंकाली सामुदायिक वन, कुचुकचे सामुदायिक वन, दराइबोटे ताल, कुमरोज सामुदायिक वन, पर्यटकीय हिसाबले प्रख्यात स्थलहरु हुन। विगतमा नगरपालिकाले कुमरोज सामुदायिक वन भित्र भ्यूटावर निर्माण, दराइबोटे ताल निर्माण तथा कंकाली सामुदायिक वनमा दुई वटा भ्यूटावर निर्माण गर्न तथा कुचुकचे सामुदायिक वनमा पैदल मार्ग तथा जिप सफारीको लागि मार्ग निर्माण गर्न अर्थिक सहयोग गरेको थियो। स्थानीय पर्यटकीय सम्भावनालाई पहिचान तथा प्रवर्धन गर्न वातावरण बाखा मार्फत विभिन्न निकायहरुसंग समन्वय गरी निरन्तर रुपमा नगरपालिकाको आवश्यक कार्यक्रमहरु संचालन गरेको छ।

## ख. सामाजिक विकास

### ९.७ स्वास्थ्य तथा पोषण:

- स्वास्थ्य सेवालाई सहज र प्रभाबकारी बनाउन नगर अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, नागरिक आरोग्य केन्द्र र तथा खोप केन्द्रहरू रहेका छन् । स्थानीयस्तरमा उपलब्ध स्वास्थ्य सेवाका अतिरिक्त विशेषज्ञ तथा विशिष्ठकृत सेवाका लागि बकुलहर रत्ननगर (प्रादेशिक) अस्पताल तथा भरतपुर अस्पताल (संघीय अस्पताल) लगायतका जिल्लास्थित मेडिकल कलेजहरु र अन्य निजी तथा सामुदायिक अस्पतालहरुमा जाने प्रचलन रहेको छ । समग्रमा स्वास्थ्य तथा पोषण क्षेत्रका आधाभूत सूचकहरूमा सुधार हुँदै गएको छ ।
- अत्याधुनिक नगर अस्पताल निर्माणको लागि अस्पतालको नयाँ भवनको संरचनागत निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । खैरहनी नगर अस्पताल, चैनपुर स्वास्थ्य चौकी र कुमरोज स्वास्थ्य चौकीबाट प्रयोगशाला सेवा निरन्तर रुपमा प्रवाह भइरहेको छ । खैरहनी नगर अस्पतालको आफ्नै एम्बुलेन्स सेवा संचालन भइरहेको छ । खैरहनी नगर अस्पतालबाट बिस्तारित स्वास्थ्य सेवा अन्तर्गत महिला तथा प्रसुती रोग बहिरङ्ग सेवा प्रत्येक बिहिबार, हाडजोर्नी रोग बहिरङ्ग सेवा प्रत्येक मंगलबार र शुक्रबार, भिडियो एक्स-रे सेवा प्रत्येक बुधबार र शुक्रबार संचालन भइरहेको छ ।
- नगरबासीको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै चालु आर्थिक वर्षको हालसम्म नगरभरिका स्वास्थ्य संस्थाहरूबाट ४४ हजार ५ सय २५ महिला र ३२ हजार ८२ पुरुष गरी कूल ७६ हजार ६ सय ७ जनालाई प्रत्यक्ष स्वास्थ्य सेवा प्रदान गरिएको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन खैरहनी नगर अस्पतालबाट प्रत्येक बिहीबार 'महिला तथा प्रसूति रोग' र प्रत्येक मंगलबार तथा शुक्रबार 'हाडजोर्नी' सम्बन्धी विशेषज्ञ ओ.पि.डी. सेवाका साथै नियमित भिडियो एक्स-रे सेवा समेत सञ्चालन भइरहेको जानकारी गराउँदछु।
- मातृ-शिशु मृत्युदर कम गर्न र सुरक्षित मातृत्व सुनिश्चित गर्न नगरपालिकाले विशेष कार्यक्रमहरू सञ्चालन गरेको छ। 'उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार' कार्यक्रम अन्तर्गत १६८ जनालाई आधारभूत प्रयोगशाला जाँच, १५४ जनालाई नि:शुल्क भिडियो एक्स-रे र ५७ जनालाई नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ। यसै अवधिमा ४५० जनाले गर्भवती जाँच र २६ जनाले प्रसूति सेवा लिनुभएको छ भने १२६ जना सुत्केरी तथा नवजात शिशुलाई घरमै पुगेर स्वास्थ्य जाँच (Post-Natal Care) गरिएको छ। साथै, विपन्न बालबालिकाका लागि पोषण आहार अनुदान वितरणको प्रक्रिया समेत अघि बढाइएको छ।
- जेष्ठ नागरिकका लागि सञ्चालित 'बा-आमा स्वास्थ्य कार्यक्रम' बाट १ हजार ५७ आमा र १ हजार ७ सय ४७ बा गरी कूल २ हजार ८ सय ४ जना लाभान्वित हुनुभएको छ। त्यसैगरी, जटिल रोग लागेका नागरिकलाई आर्थिक राहत दिने क्रममा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका १६१ जना बिरामीलाई मासिक रू. ५,००० का दरले पुष मसान्तसम्मको औषधी उपचार खर्च वितरण गरिएको छ। यसका अतिरिक्त विपन्न नागरिक उपचार निर्देशिका बमोजिम क्यान्सर, मुटु र मृगौला जस्ता गम्भीर प्रकृतिका ५० जना बिरामीलाई नि:शुल्क उपचारका लागि सिफारिस गरिएको छ।
- रोग प्रतिरोधात्मक क्षमता बढाउन हामीले नियमित खोप सेवा मार्फत २ हजार ६ सय ५४ जनालाई सेवा दिएका छौं, जसमा ३६९ जनाले पूर्ण खोप प्राप्त गरिसक्नुभएको छ। विशेषगरी महिलाहरूमा हुने

पाठेघरको मुखको क्यान्सर विरुद्धको अभियान अन्तर्गत १४ वर्षसम्मका ५७६ जना छात्राहरूलाई 'एच.पि.भी.' (HPV) खोप प्रदान गरिएको छ। साथै, नगरका सबै माध्यमिक विद्यालयहरूमा विद्यालय नर्सको व्यवस्था गरी विद्यार्थीहरूको आधारभूत स्वास्थ्य सेवालाई सुनिश्चित गरिएको छ।

- जेनजी आन्दोलनका क्रममा क्षति पुगेको औषधी तथा खोप भण्डारण कक्षलाई पुनर्निर्माण गरी आवश्यक सामग्री र औषधीको पूर्ण व्यवस्थापन गरिएको छ। स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि हालसम्म ३ पटक समीक्षा बैठक सम्पन्न गरिएको छ भने ४५ जना स्वास्थ्यकर्मीहरूलाई संघीय तथा प्रादेशिक सरकारको समन्वयमा क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ। स्वास्थ्य क्षेत्रको मेरुदण्डका रूपमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको कदर गर्दै उत्कृष्ट स्वयंसेविकाहरूलाई पुरस्कृत समेत गरिएको व्यहोरा अनुरोध गर्दछु।

### ९.८ स्वास्थ्य विमा :

- स्वास्थ्य बीमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगको क्रममा हुने अनियोजित खर्चको जोखिमलाई अग्रीम व्यवस्थापन गर्दै वित्तीय संरक्षण प्रदान गर्ने अवधारणाका साथ सामाजिक सुरक्षाको एक महत्वपूर्ण कार्यक्रमका रुपमा रहेको छ । यस कार्यक्रमले सर्वव्यापी स्वास्थ्यको पहुँच (Universal Health Coverage, UHC) प्राप्ती तर्फ नेपाललाई अग्रसर बनाउँदै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्ने आशा लिएको छ ।

### ९.९ खानेपानी

- यस क्षेत्रमा स्थानीय स्तरमा विभिन्न खानेपानी आयोजनाहरु कार्यान्वयनमा रहेका छन् । खानेपानी आयोजनाको नियमित मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्दै लगिएको छ । खानेपानी आयोजनाको मर्मत सम्भार तथा व्यवस्थापनका लागि कर्मचारीको व्यवस्था तथा आवश्यक तालिम उपलब्ध गराइएको छ ।
- खानेपानी आयोजनाको व्यवस्थापनका लागि उपभोक्ता समिति दर्ताको अभ्यास थालनी भएको छ । यसको लागि जलउपयोग सम्बन्धी नगरपालिकाले कार्यविधी निर्माण गरी कार्य गर्दै आएको छ ।
- औषतमा खानेपानी संकलनको लागि १० मिनेटसम्म समय खर्चनु पर्ने देखिएको छ । नगरभित्र रहेको कुल घरधुरीको ८६ प्रतिशत घरधुरीमा आधारभूत तहको खानेपानी सुबिधा उपलब्ध रहेको छ । स्वच्छ खानेपानी उपलब्ध रहेको घरपरिवार संख्या ८२ प्रतिशत मात्र रहेको छ ।
- आधारभूत खानेपानी सुबिधा उपलब्ध घरपरिवार संख्या गत आर्थिक वर्षमा ८३ प्रतिशत रहेकोमा चालु आ.व.को असोज मसान्त सम्ममा ८६ प्रतिशत रहेको देखिन्छ ।
- वडा नं १० र ११ मा खानेपानी विस्तारको लागी पूर्वाधार निर्माण गर्ने योजना कार्यन्वयन भइरहेको छ ।

### ९.१० सरसफाई

- सरसफाईको क्षेत्रमा गुणात्मक सुधार हुँदै गएको यस नगरपालिका खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेको छ। यस क्षेत्रमा कुल १० वटा सार्वजनिक शौचालयहरू रहेका छन्। कुल ९८ प्रतिशत घरधुरीमा शौचालय रहेकोमा ९६ प्रतिशत घरधुरीमा सेफ्टिटयाङ्क सहितको शौचालय रहेको छ।
- शौचालय भएका घरपरिवार संख्या गत आ.व. मा ९६.९ प्रतिशत रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ९८ प्रतिशत पुगेको देखिन्छ । व्यवस्थित वाटरशिल प्यान भएका शौचालय हुने घरपरिवार संख्या गत आ.व. मा ७६.१ प्रतिशत रहेकोमा चालु आ.व.को मसान्त सम्ममा ७८ प्रतिशत पुगेको देखिन्छ। सार्वजनिक शौचालयको संख्या गत आ.व. मा १० रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा १० वटा नै रहेको छ।

### ९.११ युवा तथा खेलकुद

- नगरपालिकाले युवाहरूका लागि स्वरोजगार बन्ने, उद्यमी बन्ने तथा बजारको मागअनुसारको जनशक्तिमा रूपान्तरणका कार्यक्रमहरू कार्यान्वयनलाई प्राथमिकता दिएको छ। नगरभित्र विभिन्न खेलमा रुचि भएका खेलाडीहरूको खेल क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको छ । खैरहनी नगरपालिका गुणस्तरीय खेल मैदान, प्रशिक्षण, व्यायामशाला, कवर्डहल आदिको विकास तर्फ अग्रसर रहेको छ।
- खेलकुद क्षेत्रलाइ व्यवस्थित गर्न नगरपालिकास्तरीय कर्भडहल शिल्यान्यास भएको छ।
- युवा तथा खेलकुदको विकासका लागि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८२ माघ महिनामा सफलतापूर्वक सम्पन्न भएको छ र हामी जिल्ला स्तरीय प्रतियोगिताको तयारीमा जुटेका छौं। त्यसैगरी, शिक्षकहरूबीच भाइचारा बढाउन फागुन महिनामा शिक्षक मैत्रीपूर्ण भलिबल प्रतियोगिता सम्पन्न गरिएको छ।

### ९.१२ महिला, बालबालिका र जेष्ठ नागरिक

- समाजमा विद्यमान कुप्रथा र कुरितिको अन्त्य गर्दै हिंसामुक्त नगर निर्माणमा प्रयासहरू भइ रहेका छन्। लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको छ। विपन्न एकल महिला, अपांगता भएका व्यक्ति तथा दलितका लागि निःशुल्क स्वास्थ्य बीमाको कार्यक्रम सञ्चालन गरिएको छ । यस नगरपालिकामा महिलाको पाठेघरको मुखको क्यासर स्क्रिनिङलाई नियमित गरिएको छ । लक्षित वर्ग स्वास्थ्य बीमा, क्षमता विकास र स्वरोजगार कार्यक्रम सञ्चालनमा रहेका छन्।
- नगरपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्यका साथ नीतिगत संरचनाहरू तयार पारिएका छन्। यस अन्तर्गत बाल समूह/सञ्जाल गठन विधान २०८१ र विभिन्न सरोकारवालाहरूले पालना गर्नुपर्ने बालमैत्री आचारसंहिता कार्यपालिकाबाट स्वीकृत भई लागू भएको छ। नगरका १३ वटै वडामा बालमैत्री

सूचकहरूको अनुगमन तथा १० वटा वडामा कार्यसम्पादन आधार कागजात व्यवस्थापनको कार्य सम्पन्न गरी बालमैत्री नगर घोषणाको पूर्वतयारीलाई तीव्रता दिइएको छ।

- ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार सुनिश्चित गर्न नगर स्तरीय ज्येष्ठ नागरिक मञ्च गठन गरिएको छ। यस अवधिमा २ हजार ८५ जना ज्येष्ठ नागरिक र ७१९ जना अपाङ्गता भएका व्यक्तिहरूलाई परिचय पत्र वितरण गरी सेवाको पहुँच बढाइएको छ ।
- शारीरिक रूपमा अशक्त व्यक्तिहरूका लागि ह्विल चेयर, हियरिङ एड, कृत्रिम खुट्टा र ट्राई साइकल जस्ता अत्यावश्यक सहयोगी सामग्रीहरू वितरण गरी उनीहरूको दैनिक जीवनलाई सहज बनाउने प्रयास गरिएको छ।
- सामाजिक समावेशीकरणतर्फ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) रणनीति कार्यान्वयनमा ल्याइएको छ। 'आमा समूह गठन तथा परिचालन कार्यविधि २०८०' बमोजिम हालसम्म ३५ वटा आमा समूहहरू विधिवत् दर्ता भएका छन्, जसलाई मानव बेचबिखन विरुद्धको अभियान र लैङ्गिक हिंसा न्यूनीकरणका क्रियाकलापहरूमा सक्रिय रूपमा परिचालन गरिएको छ।
- अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान जस्ता अवसरहरूमा लक्षित वर्गसँग निरन्तर अन्तरसंवाद गरी उनीहरूको आवश्यकतालाई नीति निर्माणमा समेट्ने कार्य भइरहेको छ ।

### ९.१३ व्यक्तिगत घटना दर्ता

- राष्ट्रिय जनगणना २०७८ अनुसार जन्मदर्ता भएका बालबालिकाको संख्या ७३.२ प्रतिशत रहेको छ। चालु आ.व. को पौष मसान्त सम्ममा ६२८ जनाको जन्म दर्ता,२८५ जनाको मृत्यु दर्ता, ३१३ जनाको विवाह दर्ता र ५८ जनाको सम्बन्ध बिच्छेत सम्बन्धी दर्ता भएका छन् । यस नगरमा बसाई सरी गरी ५५५ जना आएका छन् भने २७७ जना बसाई सरी गएका छन् ।

### ९.१४ शिक्षा

- खैरहनी नगरपालिकामा रहेका कुल विद्यालय संख्या ४८ रहेको छ। जस मध्ये सामुदायिक तर्फ विद्यालय संख्या २७ रहेको छ भने संस्थागत तर्फ विद्यालय संख्या २१ रहेको छ। खैरहनी नगरपालिका भित्र बाल बिकास केन्द्र संख्या ४३ वटा, सामुदायिक विद्यालय अन्तर्गत आधारभूत तह (१–३) अन्तर्गत संचालित बिद्यालय संख्या २ वटा, आधारभूत तह (१-५) अन्तर्गत संचालित बिद्यालय संख्या १२ वटा, आधारभूत तह (१–८) ७ वटा, माध्यमिक तह (१–१०) ६ वटा र माध्यमिक तह (१–१२) ५ वटा रहेका छन्। संस्थागत विद्यालय तर्फ आधारभूत तह (१–५) अन्तर्गत संचालित बिद्यालय संख्या ३ वटा, आधारभूत तह (१–८) अन्तर्गत संचालित बिद्यालय संख्या ४ वटा, माध्यामिक तह (१–१०) अन्तर्गत संचालित बिद्यालय संख्या १३ वटा र माध्यमिक तह (१–१२) अन्तर्गत संचालित बिद्यालय संख्या ३ वटा रहेका

छन् । खैरहनी नगरपालिका भित्र संचालित सामुदायिक बिद्यालयहरुमाकार्यरत जम्मा शिक्षक संख्या २१७, कर्मचारीहरुको संख्या ७७ जना रहेको छ ।

- हाम्रो नगरको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि यस आर्थिक वर्षमा विशेष पहलहरू गरिएका छन्। सामुदायिक विद्यालयहरूमा शिक्षकको अभाव हुन नदिन ४१ जना युवा स्वयंसेवक शिक्षकहरूको व्यवस्थापन गरी नियमित कक्षा सञ्चालन गरिएको छ। साथै, आधारभूत तथा माध्यमिक तहका २१७ जना शिक्षक-कर्मचारी, बालविकास सहजकर्ता र स्वयंसेवकहरूको तलब-भत्ता एवं विद्यालय सञ्चालन अनुदान समयमै निकासा गरी प्रशासनिक चुस्तता कायम गरिएको छ।
- नगरपालिकाले विपन्न तथा जेहेन्दार विद्यार्थीहरूका लागि ठोस सहयोग पुऱ्याउँदै आएको छ। यसै क्रममा कक्षा ११ मा अध्ययनरत २५ जना विपन्न विद्यार्थीहरूलाई नगरपालिका र विद्यालयको संयुक्त साझेदारीमा १० प्रतिशत छात्रवृत्तिका लागि सिफारिस गरिएको छ।
- यस खैरहनी नगरपालिकाले स्थानीय सार्वजनिक क्याम्पसमा स्नातक तहमा अध्ययनरत विपन्न परिवारका छात्रा र दलित छात्रहरूका लागि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम अन्तर्गत आवेदन आह्वान गरेको छ। साथै, संस्थागत विद्यालयहरूले प्रदान गर्नुपर्ने १० देखि १५ प्रतिशत छात्रवृत्तिको विवरण समेत अद्यावधिक गरी पारदर्शी बनाइएको छ।
- विद्यार्थीहरूको स्वास्थ्य र नियमिततालाई ध्यानमा राख्दै बालविकासदेखि कक्षा ५ सम्मका ३ हजार ७ सय ३३ जना विद्यार्थीहरूलाई दिवाखाजा कार्यक्रममा समेटिएको छ। त्यसैगरी, १४ सय ६० जना छात्राहरूलाई नि:शुल्क स्यानिटरी प्याड वितरण गरिएको छ। उच्च शिक्षातर्फ खैरहनी माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालनका लागि आवश्यक अनुदान निकासा गरी प्राविधिक शिक्षामा नगरको पहुँच विस्तार गरिएको छ।
- विपन्न परिवारका बालबालिकाहरूको सिकाइलाई थप टेवा पुऱ्याउन नगरका ३४ स्थानमा गृहकार्य कक्षा सञ्चालन गरी त्यसको नियमित अनुगमन समेत भइरहेको छ।
- चालु शैक्षिक सत्र २०८२ को आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) आगामी चैत्र ८ गतेदेखि १७ गतेसम्म सञ्चालन हुने गरी कार्यतालिका प्रकाशन गरिसकिएको छ। परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन आवश्यक सम्पूर्ण प्राविधिक तयारीहरू अगाडि बढाइएको छ। नगर शिक्षा समितिका बैठकहरू नियमित सञ्चालन गरी शैक्षिक बुलेटिन मार्फत् हाम्रा प्रगतिहरूलाई सार्वजनिक गर्ने परिपाटी समेत बसालिएको छ।

## ग. पूर्वाधार विकास

### ९.१५ सडक

- पूर्व-पश्चिम राजमार्गको सडक सञ्जाल यसै क्षेत्र भएर गएको छ । सडक तथा यातायातको क्षेत्रमा अन्तर–सरकार साझेदारी र सहकार्य रहेको छ । नगरपालिकाको १३ वटै वडामा यातायातको पहुँच पुग्नेगरी पक्की सडक निर्माण भइ सकेको छ । नगर क्षेत्रभित्र रहेको कुल पक्की सडकको लम्बाई ६७ कि.मी. रहेको छ ।

नगर क्षेत्रमा १ वटा झोलुङे पुल सञ्चालनमा रहेको छ । संघीय राजधानी काठमाण्डौं, प्रदेश राजधानी हेटौंडा, अन्य जिल्ला र जिल्ला भित्रका अन्य गाउँ नगरपालिकासम्मका लागि यातायात सुबिधा उपलब्ध रहेको छ । काठमाडौं, भरतपुर, हेटौंडा र अन्य पूर्व पश्चिम राजमार्गका स्थानहरुमा समेत साना तथा ठूला सवारी साधनबाट यातायात सेवा उपलब्ध रहेको छ ।

- गत आ.व. २०८१।०८२ मा सुरु भएको चैनपुर गेटको हाल सम्म ८५ प्रतिशत भौतिक प्रगति भई काम सम्पन्न हुने क्रममा रहेको छ। वडा नं. ०६ र 08 को सीमानामा पर्ने पम्फा खोलाको व्यारेजमा ३ वटा प्यानल भएकोमा १ वटा प्यानलको कटअप वाल निर्माण कार्य सम्पन्न भएको र बाँकी काम तीव्र रुपमा संचालन भई रहेको छ।
- वडा नं. ०६ मा कभर्ड हलको निर्माण अन्तिम चरणमा पुगेको छ जसको प्रगति 90 प्रतिशत पुगेको छ। स्वर्णतारा क्लबदेखि पुरानो पर्सा र खैरहनी चोक सम्मको मेडियन सहितको सडक स्तरोन्नती अन्तिम चरणमा रहेको छ।
- पानी सम्बन्धी खेलहरु सहितको बालउद्यान कार्यको भौतिक निर्माण कार्य सम्पन्न गरिएको छ र यसै आ.व. भित्र सञ्चालनमा आउने छ ।
- खैरहनी नगर अस्पतालको भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।
- चालु आर्थिक वर्ष 2082/83 मा वडास्तरीय 294 र नगरस्तरीय ४२ वटा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना गरी कूल 231 योजनाहरु मध्ये 102 वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ भने 12 वटा योजना भुक्तानीको लागि पेश समेत भएको छ। उक्त उपभोक्ता समिति मार्फत हुने योजनाहरुबाट 2109 मिटर बाटो ढलान, 250 मिटर बाटो ग्राभेल, 748 मिटर उच्चस्तरीय बाटो ग्राभेल, 523 मिटर बाटो मोज्याक टायल, 356 मिटर RCC नाला, 542 मिटर कुलो लाईनिङ तथा १ विद्यालय भवन निर्माण हुनेछन्।
- खैरहनी नगर कार्यपालिकाको कार्यालयको भवनमा विद्युतीकरण कार्य सम्पन्न भई उक्त भवन बाटै सेवा प्रवाह हुने चरणमा रहेको छ। भाद्र 23-24 गतेको जेन-जी आन्दोलनमा क्षति भएको वडा कार्यालयहरुको मर्मत कार्य समेत गरी वडा कार्यालयहरुबाट साविकको जसरी नै सेवा प्रवाह कार्य संचालन भएको छ।
- चालु आ.व. 2082/083 मा विभिन्न ठेक्का मार्फत पूर्वाधार विकास तर्फ भाद्र 23-24 गतेको जेन-जी आन्दोलनमा क्षति भएको नगरपालिकाको कार्यालय र वडा कार्यालयको मर्मत कार्य समेत गरी 18 वटा योजना कार्यान्वयनमा रहेको छन्।
- वडा नं. ०८ को मगनी गाउँ, उद्योग वाणिज्य संघ हुँदै लदरी खोला सम्म तटबन्धन कार्य सुरु भई २ वटा कल्भर्ट निर्माण, २०० मिटर RCC ढलान र १०० मिटर स्लोप ढलान कार्य सम्पन्न भई २५ प्रतिशत कार्य प्रगति भएको छ।
- गैंडा चोकवाट मानसिक पुनर्स्थापना केन्द्र हुँदै पश्चिमतर्फ सोहनपुरसम्म जाने सडक 240 मिटर ढलान र नाला 60 मिटर, चितवन जिल्ला, खैरहनी न. पा. वार्ड नं २, रामकोला फाँटदेखि शाहीचोक जाने सडक निर्माण अन्तर्गत 442 मिटर बाटो ढलान, खैरहनी न. पा. वार्ड नं ४, हरि बहादुर चोकदेखि दक्षिण कार्की

टोलसम्म जाने सडक 360 मिटर ढलान एवं टाइम पास चोकदेखि च्यान्टा चोक हुँदै अर्ना बियर चोकसम्म सडकमा 1200 मिटर ओभरले कालो पत्रे सम्पन्न भएको छ।

- खैरहनी नगरपालिकाको वडा नं. 6, 7 र १० नं वडा अन्तर्गत वडा नं. ६ पुरानो पर्सा हुँदै मझुवई नाला सहितको सडकमा २२९ मिटर कालो पत्रे, 300 मिटर पल्म वाल तथा 3०० मिटर नाला ढलान सम्पन्न एवं पिपरा ढुङ्ग्रे खोलाको पुलको पश्चिम पिपरागाउँ सडक कालो पत्रे कार्य सुरु भई हाल सम्म ५०० मिटर ढलान सम्पन्न भएको छ। यस योजनाको भौतिक प्रगति 42 प्रतिशत रहेको छ।
- खैरहनी नगरपालिकाको वडा नं. 2, 12 र १३ नं. वडाको विभिन्न सडकहरु अन्तर्गत बुढौली हुँदै गवै कुमरोज भोलाचोक सिसेनी चोक सडक स्तरोन्नती कार्यमा हालसम्म 300 मिटर पल्म वाल तथा 150 मिटर स्टोन मेसिनरी वर्क सम्पन्न भएको छ। विन्दबासीनी दराई बस्तीदेखि वडा नं. ४ वडा कार्यालय हुँदै गैडे आहाल सडकको स्तरोन्नती गर्ने कार्य छिटै कार्यान्वयनको चरणमा जाने क्रममा रहेको छ।
- खैरहनी नगरपालिकाको वडा नं. 3 र 8 नं. वडा अन्तर्गत मगनी गाउँदेखि धुसेरी लदरी पुल हुँदै उनान्टोल सम्म नाला सहितको बाटोमा 186 मिटर कालो पत्रे, 450 मिटर पल्म वाल, 1३०० मिटर नाला र १ कल्भर्ट निर्माण तथा उनान्टोल हुँदै गजुरेल टोल बाटोमा 150 मिटर नयाँ कालो पत्रे र 450 मिटर ओभरल्याब सम्पन्न भएको छ।
- खैरहनी नगरपालिकाको वडा नं. 1 देखि 13 नं वडा अन्तर्गत विभिन्न सडकहरु (ज्यामिरे देखि सिमलघारी, म्यारी गोल्ड चोकदेखि कंकाली स्कूल, ज्यामिरेदेखि 5 नं. सीमाना बुढौली चोकदेखि 13 नं. जाने बाटो, होलील्याण्ड रोडदेखि कल्भर्टसम्म, पुरानो पर्सा पुलदेखि 7 नं. वडा हुँदै कपिया जाने बाटो, सिमलटाडि पुलदेखि राप्ती सीमानासम्म, बैरेनि गाउँमा अधुरो काम सम्पन्न, शान्ति बजार देखि 11 नं. वडा राप्ती ड्याक, कठार स्कूल अगाडि अधुरो पिच ढलान र कालो पत्रे कार्य सुरु भई हालसम्म 1450 मिटर नाला, २ वटा कल्भर्ट, 700 मिटर नाला स्ल्याप तथा सव वेस वर्क 220 मिटर कार्य सम्पन्न भएको छ।
- खैरहनी नगरपालिकाको वडा नं. 2,3,4,5 र 8 को विभिन्न सडकहरु अन्तर्गत शिवालय चोक बाटो ढलान 30 मिटर, विश्व विजय मार्ग खैरहनी ५ नंबर वडामा 175 मिटर वेस फाईनल, खैरहनी २ र ८ बीच बेकरी मार्ग 600 मिटर ढलान, खैरहनी-३ क्याम्पाबाट आर्मी ब्यारेक जाने बाटो 320 मिटर ढलान, वडा नं. ४ वडा कार्यालयबाट गैडे आहाल जाने बाटो 1170 मिटर कालो पत्रे भई हाल सम्म 175 मिटर वेस, 944 मिटर बाटो ढलान, 1170 मिटर कालो पत्रे गर्ने कार्य सम्पन्न भएको छ।
- खैरहनी नगरपालिकाको 1 देखि 5 नं वडा अन्तर्गत  बयरा चोकबाट चित्रा टोल बाटो पीच 200 मिटर, खनाल पोल्ट्री अगाडि बाटो 436 मिटर ओभरल्याप, वडा कार्यालय अगाडि बाटो 712 मिटर ओभरल्याप, बिन्दबासिनी पुल देखि दक्षिण जाने बाटो 200 मिटर कालो पत्रे, काशी गाउँ जुना डल्लाकोटीको घर पश्चिम सडक 85 मिटर निर्माण, बुद्धशान्ति खानेपानी ट्याङ्की अगाडि बाटो 150 मिटर कालोपत्रे, भीम खोले टोल पिच 100 मिटर, बियर फ्याक्ट्री जाने बाटो 100 मिटर कालो पत्रे गरी सडकमा कालो पत्रे 1635 मिटर सम्पन्न भएको छ।

- खैरहनी नगरपालिकाको 4 नं वडामा विभिन्न सडक अन्तर्गत थापा खोल्सा वाल निर्माण 42 मिटर, चियान डाँडा ढलान 97 मिटर, यम बहादुरको घर जाने बाटो ढलान 86 मिटर, भीष्मकान्तको घर देखि बोरीङ्ग जाने बाटो ढलान 150 मिटर, बहादुर गुरुङको घर जाने बाटो 50 मिटर ढलानसमेत कूल 383 मिटर बाटो ढलान र 42 मिटर कुलो निर्माण अन्तिम चरणमा पुगेको छ ।
- खैरहनी नगरपालिकाको 7,8,10 र ११ नं. वडा अन्तर्गत कटारी टोल बाटो 170 मिटर कालोपत्रेको वेस फाईनल, मिलिजुली टोल मार्ग नं ३ बाट हरि मैनालीको घर सम्म बाटो 150 मिटर ओभरल्याप, कुशाना ट्रान्सफर्मर देखि राजकुमार दहितको घर हुँदै गौथली बाटो 220 मिटर कालो पत्रे, पिद्राहिनी चर्च देखि पश्चिम तर्फ बाटो 250 मिटर कालोपत्रे, हरियाली पार्क देखि पश्चिम अधुरो पिच 135 मिटर कालो पत्रे गर्ने काम सम्पन्न भएको छ।
- भाद्र 23-24 गतेको जेन-जी आन्दोलनमा क्षति भएको नगरपालिकाको कार्यालयको सभाहल मर्मत कार्य सम्पन्न भएको छ। खैरहनी नगरपालिका 2 नं वडा कार्यालयको मर्मत सम्भार कार्य हाल भई रहेको छ।
- खैरहनी नगरपालिकाको खाद्य संङ्कट समाधान गर्न जनकपुर सुल्ताना जनएकता कंकाली र मझुई सिंचाई कुलो निर्माण सम्झौता भई २२ प्रतिशत भौतिक प्रगति हासिल गरिएको छ।
- खैरहनी नगरपालिका 5,7,12 र 13 नंबर वडा अन्तर्गत 7 वटा ह्युम पाईप लगाउने तथा हाल सम्म 1240 मिटर सव वेस वर्क कार्य सम्पन्न भएको छ।
- खैरहनी नगरपालिका 13 नंबर वडाको बाटो ढलान र नाला निर्माण कार्य सुरुवाती चरणमा रहेको छ।
- खैरहनी नगरपालिकाको वडा नं. 10 को विभिन्न स्थानमा बाटो ढलान र नाला निर्माण कार्य सुरुवात भएको छ।
- खैरहनी नगरपालिका वडा नं. 1 को स्वास्थ्य चौकी, ओपन जिम र विभिन्न 5 वटा सडक बाटो ढलान कार्य सम्झौता हुने चरणमा रहेको छ।
- सबै ठेक्का र उपभोक्ता समितिको कार्यहरुबाट चालु आर्थिक वर्ष 2082/083 को अन्त्य सम्ममा करिव ३४ किलोमिटर बाटो कालो पत्रे (ओभरल्याप समेत), ६ किलोमिटर बाटो ढलान, ६ किलोमिटर नाला निर्माण र १ किलो मिटर तटबन्धन कार्य सम्पन्न हुनेछ ।

**९.१६ भवन, आवास तथा बस्ती विकास**

- भवन निर्माणमा मापदण्ड तथा आधुनिक प्रविधिको अभ्यास विस्तार हुँदै गएको छ । भू–वर्गिकरणको कार्य भईरहेको छ । गत आ.ब. सम्मको लगत संकलनको अवस्थामा निवेदन पेश भएको आधारमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको घरपरिवार ३ हजार १ सय ७२ रहेको देखिन्छ । भवन निर्माणमा स्थानीय सामग्रीको उपयोगको अभ्यास कम हुँदै गएको छ भने आधुनिक (सिमेन्ट तथा कंक्रिटबाट निर्मित) घर निर्माणको अभ्यास वृद्धि हुँदै गएको छ ।
- चालु आर्थिक वर्ष २०८२।०८३ मा हाल सम्म ४७ नयाँ भवनको लागि नक्सा पासको निवेदन प्राप्त भएकोमा २७ वटा नयाँ प्रथम चरण (DPC Level) सम्म ईजाजत दिईएको छ।

- त्यसैगरी ५ वटा नयाँ घर सम्पन्न, ३७ वटा पुरानो घरको अभिलेखीकरण, ११ वटा घर नक्सा नामसारी, १२ वटा कच्ची घर प्रमाणित तथा १ वटा भवन यथास्थितिकरण सम्पन्न भएको छ। उक्त कार्यहरुबाट रू.११ लाख ८६ हजार राजस्व संकलन भएको छ।

### ९.१७ विद्युत तथा वैकल्पिक ऊर्जा

- उर्जाको श्रोतका रूपमा दाउरा, विद्युत, एल.पि. ग्यास र सौर्य उर्जा नै प्रमुख रूपमा रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार विद्युतमा पहुँच भएका जनसंख्या ९२ प्रतिशत र खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने घरपरिवार संख्या ७१ प्रतिशत रहेकोमा हाल सम्म आइपुग्दा विद्युतबाट चल्ने सवारी साधनको पनि अभ्यास सुरु भएको छ। सौर्य ऊर्जाको उपयोग निजी प्रयोजन, सडक बत्ती तथा मठ मन्दिरहरूमा हुने गरेको छ । विद्युतीय चुलोको प्रयोग यस नगरपालिका भित्र धेरै बढेको छ भने अन्य नविकरणीय उर्जा प्रविधिहरुको प्रयोग पनि यस नगरपालिकामा बढिरहेको छ । नगर क्षेत्रमा सामूदायिक वनहरु तथा विभिन्न परियोजना समेतको सहयोगमा गोवर ग्याँस प्लान्ट निर्माण भई सञ्चालनमा रहेका छन् । नगरपालिकाको तर्फबाट विद्युत सेवाको विस्तार र पोल व्यवस्थापनको कार्य नियमित रुपमा भइरहेको छ ।
- खैरहनी नगरपालिकामा विद्युतमा पहुँच भएका जनसंख्या १०० प्रतिशत रहेको छ । विद्युत सेवालाई गुणस्तरीय र नियमित तथा उद्योग व्यवसाय मैत्री बनाउन नगरपालिकाले सम्बन्धित निकायसंग निरन्तर समन्वय र सहकार्य गरिरहेको छ ।

### ९.१८ सूचना तथा सञ्चार प्रविधि

- खैरहनी नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउने सन्दर्भमा सूचना प्रविधिका क्षेत्रमा उल्लेखनीय कार्यसम्पादन भएका छन्, जसअन्तर्गत नगरपालिकाका सम्पूर्ण सेवालाई सूचना प्रविधिमा आधारित बनाउने लक्ष्यका साथ कार्यपालिकाका निर्णयहरू एवं मासिक खर्चको विवरण वेबसाइटमार्फत सार्वजनिक गर्ने र नगरका गतिविधिहरूलाई सामाजिक सञ्जालमा नियमित अद्यावधिक गर्ने कार्य भइरहेको छ।
- नगरको सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गर्दै विभिन्न स्थानमा जडान गरिएका सिसिटिभी क्यामराहरूको नियमित अनुगमन र थप विस्तारका साथै सफ्टवेयर तथा हार्डवेयर प्रणालीको कुशल व्यवस्थापन गरिएको छ भने शाखागत सूचना तथा विज्ञापनहरूको समेत विधिवत् प्रसारण भइरहेको छ।
- विकास निर्माण र सामाजिक-आर्थिक क्षेत्रका उपलब्धिहरूलाई भिडियो डकुमेन्ट्री मार्फत पर्सा बजारको 'एल.इ.डी. डिस्प्ले' बाट सार्वजनिक गर्ने र 'स्मार्ट मोबाइल एप' मार्फत नगरबासीलाई डिजिटल सेवा उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिइएको छ।

- भाद्र 23-24 गतेको जेन-जी आन्दोलनका क्रममा क्षति पुगेका सूचना प्रविधिजन्य उपकरणहरू (कम्प्युटर, प्रिन्टर आदि) लाई बोलपत्र प्रक्रिया मार्फत खरिद गरी सेवा प्रवाहलाई पुनः पूर्ण क्षमतामा सञ्चालन गरिएको व्यहोरा अवगत गराउँदछु।

## घ. वातावरण तथा विपद् व्यवस्थापन

### ९.१९ वातावरण तथा विपद् व्यवस्थापन

- नगरपालिका क्षेत्रभित्र बग्ने खोलाहरूबाट हुने कटान नियन्त्रणका लागि तटबन्ध निर्माण कार्यलाई विशेष प्राथमिकता दिइएको छ।
- ठूला पूर्वाधार र नगर गौरवका सडक आयोजनाहरू सञ्चालन गर्दा वातावरण संरक्षण ऐनका प्रावधानहरूलाई पूर्णतः पालना गर्दै वातावरणीय प्रभाव न्यूनीकरणका कार्यहरूलाई लागत अनुमानमै समावेश गरी कार्यान्वयन गर्ने पद्धति बसालिएको छ। यसका साथै, स्थानीय जलवायु उत्थानशील योजना (LDCRP) अद्यावधिक गर्ने कार्य अन्तिम चरणमा पुगेको छ, जसले नगरको दिगो विकास र वातावरणीय सन्तुलनलाई सुनिश्चित गर्नेछ।
- विपद् व्यवस्थापनलाई संस्थागत र प्रविधिमैत्री बनाउन स्वयंसेवक परिचालन कार्यविधि र स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) स्थापनाको कार्य अन्तिम चरणमा पुगेको छ। नगरपालिकाका १३ वटै वडामा वडास्तरीय विपद् व्यवस्थापन समितिहरू गठन गरी प्रतिकार्य प्रणालीलाई तल्लो तहसम्म विस्तार गरिएको छ।
- विपद् प्रतिकार्यमा महिला, युवा र जोखिममा रहेका समुदायको सहभागिता सुनिश्चित गर्दै समावेशी नीति अवलम्बन गरिएको छ र विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित बनाउँदै आवश्यक निर्देशिकाहरू निर्माण गरिएका छन्।
- गत असोज १७ र १८ गतेको अविरल वर्षाबाट प्रभावितहरूका लागि राहत र पुनर्स्थापनामा प्रभावकारी समन्वय गरिएको छ भने आगलागी जस्ता घटना नियन्त्रणका लागि बारुणयन्त्रको सेवा र राहत सामग्रीको उपलब्धतालाई नागरिकको सहज पहुँचमा पुर्‍याइएको छ।
- प्राकृतिक स्रोतको व्यवस्थापनतर्फ 'जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०८१' बमोजिम हालसम्म ६ वटा खानेपानी तथा सिँचाई उपभोक्ता संस्थाहरूलाई कानुनी दायरामा ल्याई दर्ता गरिएको छ।

### ९.२० वातावरणमैत्री स्थानीय शासन

- वातावरणमैत्री स्थानीय शासनको सन्दर्भमा नगरपालिकाले विभिन्न कार्यक्रम गर्दै आएको छ। खैरहनी नगरपालिका वातावरण तथा विपद व्यवस्थापन शाखाको काम काज स्थानीय शासन अन्तर्गत नै चलिरहेको छ ।
- खैरहनी नगरपालिका वातावरण तथा विपद व्यवस्थापन शाखाको काम काज स्थानीय शासन अन्तर्गत नै चलिरहेको छ | यस नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन शाखाले नगर बिपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन एन, २०७५, फोहोरमैला व्यवस्थापन कार्यविधि-२०७६, खैरहनी

नगरपलिकाको नदी/खानी क्षेत्रबाट नदिजन्य सामग्री उत्खन्न, संकलन तथा बिक्रि बितरण प्रक्रियामा भारी मेसिनरी औजार प्रयोग र अनुगमन सम्बन्धी कार्याबिधि २०७५ अनुसार काम काज संचालन भइरहेको छ।

- खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको परामर्श सेवा सम्बन्धी "कयर खोलाको ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन तथा बिक्रि वितरण गर्न प्रारम्भिक वातवरणीय परिक्षण" को IEE प्रतिवेदन यस पालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि -२०७७ बमोजिम स्वीकृत भएको छ।
- खैरहनी नगरपालिकको जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०८१ बमोजिम यस पालिका भित्र रहेका खानेपानी तथा सिचाई, कुलो समितिलाई दर्ता प्रक्रियामा ल्याई मात्र जलस्रोतको समुचित, संरक्षण, व्यवस्थापन , विकास र लाभदाय उपयोग गर्ने कार्यको यसै आर्थिक वर्षबाट सुरुवात भएको छ | हालसम्म तीनवटा जलस्रोत उपयोग गर्ने समितिलाई दर्ता प्रक्रियामा ल्याइएको छ।

## ९.२१ हरियाली तथा जैविक विविधता संरक्षण

- खैरहनी नगरपालिका भित्र हरियाली संरक्षण कार्य यस नगरपालिकाले हरेक वडामा स्थापित सामुदायिक वन उपभोक्ता समितिसंगको साझेदारीमा गर्दै आएको छ। यस अन्तर्गत आँप, लिची, कटर, कागती भुइकटरको बिउ बितरण गरी हरियाली संरक्षण गर्दै स्वच्छ वातावरण पैदा गर्न नगरपालिकाले कार्य सम्पादन भएको छ।
- यस नगरपालिकालको दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज अवस्थित रहेको छ , जस्ले गर्दा यो क्षेत्र पर्यटक विकासका लागि उचित गन्तब्य हुन सक्छ। यस नगरपालिकाको वडा न. १०,११,१२ ,१३ मध्यवर्ती क्षेत्रमा (Buffer zone)पर्दछ । नगरपालिकाको करिब ३० प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ । नगरपालिकाभित्र कुल ४ वटा सामुदायिक वन रहेका छन । समशितोष्ण हावापानी रहेको यस क्षेत्रमा मध्यवर्ती क्षेत्र पनि रहेको छ ।
- वन तथा भूसंरक्षणको क्षेत्रमा अन्तर–सरकार साझेदारी विगतदेखि नै रही आएको छ। यस क्षेत्रमा विभिन्न जातका बोटबिरुवाहरू पाइन्छ। लोपोन्मुख जनावर, चरा तथा जडिबुटी समेत यस क्षेत्रमा पाइने गर्छ । जनावरहरूमा गैडा, बाघ, मृग, बनेल, आदि पाइने गर्दछ। नगर क्षेत्रमा विगत वर्षदेखि नै ५ -६ वटा पार्क रहेका छन्।

## ९.२२ अग्नि नियन्त्रण

- पूर्वी चितवनको ४ वटा नगरपालिका कालिका, खैरहनी, रत्ननगर र राप्ती नगरपालिकाले संयुत्तरुपमा २ वटा बारुणयन्त्र संचालन गरी रहेका छन् । दुवै बारुणयन्त्रको व्यवस्थापन चारै नगरको लगानीमा खैरहनी नगरपालिकाले हेरिरहेको छ। यी वारुणयन्त्रबाट चालु आर्थिक वर्षको चैत्र मसान्तसम्म ६६ वटा अग्निजन्य घटनामा अग्नि नियन्त्रण गर्ने कार्य गरेको छ। आगलागी नियन्त्रणको लागि सेवा प्रदान गरिरहेको बारुणयन्त्र सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँचमा कार्यलाई थप प्रभावकारी बनाइएको छ।
- आगलागी नियन्त्रणको लागि सेवा प्रदान गरिरहेको बारुणयन्त्र सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँचमा कार्य भईरहेको छ ।

## ङ. सुशासन तथा संस्थागत विकास

### ९.२३ वडा कार्यालय व्यवस्थापन

- खैरहनी नगरपालिकामा कुल १३ वटा वडा रहेका छन् । सबै वडा कार्यालय भएको स्थानमा सडक, संचार र विद्युत सेवा उपलब्ध रहेको छ । नगरपालिकाको केन्द्रबाट सबै वडा कार्यालयसम्म पुग्नका लागि पक्की सडक रहेको छ । सबै वडा कार्यालयको आफ्नै पक्की भवन रहेको छ ।
- सबै वडाबाट सम्पत्ति कर लिन सक्ने व्यवस्था गरिएको छ । ३ लाख सम्मका योजनाहरुको सम्झौता वडा कार्यालयबाट नै हुने व्यवस्था गरिएको छ । यसले नगरपालिकाको सेवालाई विकेन्द्रिकरण गर्न मद्दत पुगेको छ ।
- वडा कार्यालयमा प्रयाप्त कर्मचारीको व्यवस्था गर्ने प्रयास भएको छ । तालिम कार्यशाला आदिको माध्यमबाट वडा कार्यालयको क्षमता विकास गर्ने कार्य भइरहेको छ ।

### ९.२४ स्थानीय तहको जनशक्ति विवरण

- खैरहनी नगरपालिकाको प्रशासनिक संरचना र जनशक्ति परिचालनलाई थप सुदृढ बनाउँदै नगरवासीहरूलाई छिटो, छरितो र झन्झटमुक्त सेवा प्रदान गर्ने मूल लक्ष्यका साथ हाल नगरपालिकामा स्वीकृत कूल २१४ दरबन्दीमध्ये २०७ जना कर्मचारीहरू अहोरात्र खटिएका छन्। रिक्त रहेका ७ पदहरूलाई समेत क्रमशः पूर्ति गर्दै लैजाने र उपलब्ध जनशक्तिलाई कार्यगत विशिष्टताका आधारमा परिचालन गर्ने नीति लिइएको छ।

- यस अन्तर्गत स्थानीय स्तरमै नागरिकका दैनिक समस्याहरू सम्बोधन गर्न र घरदैलोमै प्रशासनिक पहुँच पुऱ्याउन ३९ जना कर्मचारीहरूलाई विभिन्न वडा कार्यालयहरूमा खटाइएको छ भने विषयगत शाखा तर्फ ८५ जना र स्वास्थ्य तर्फका कर्मचारीहरू ८३ जनालाई नगरवासीको स्वास्थ्य अधिकार सुनिश्चित गर्न विशेष जिम्मेवारीका साथ परिचालन गरिएको छ।

### ९.२५ शासकीय सुधार

- नगर कार्यपालिकाको कार्यलय तथा मातहतका वडा कार्यालय स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रको लागि आवश्यक पर्ने कर्मचारी समयमा नै व्यवस्था गरिएको छ । खैरहनी नगरपालिका अन्तर्गतका सबै वडाहरुबाट प्रदान गरिने सबै सेवाहरुलाई सुचना प्रविधिको अधिक प्रयोग गरेर सेवा प्रवाहमा अझ चुस्तता ल्याउने उद्देश्यले हरेक वडा कार्यालयलाई १/१ थान ल्यापटप, प्रोजेक्टर र साउण्ड सिस्टम दिने व्यवस्था गरिने योजना छ ।
- सुचना प्रविधिको प्रयोग गर्दै संस्थागत विकासको लागि अत्यन्त आवश्यक इन्टरनेटको पहुँच सम्पूर्ण वडा कार्यालय तथा विद्यालय र स्वास्थ्य संस्थामा पुर्याइएको छ । सम्पूर्ण वडा र नगरपालिका कार्यालयलाइ समेट्ने गरी एकीकृत अनलाइन हाजिरीको व्यवस्था गरिएको छ ।
- आजको सुचना प्रविधिको युगमा बिभिन्न सेवाहरु कम्प्युटरीकरण गर्दै नगरपालिकालाई सूचना प्रविधि तर्फ थप अग्रसर गर्ने व्यवस्थापन मिलाइएको छ । नगरभरि रहेको सार्वजनिक विद्यालय तथा अन्तर्गतका वडा

कार्यालयहरुको कम्प्युटर तथा प्रिन्टर र अन्य सूचना प्रविधि सम्बन्धि Software हरुको मर्मत संभार नियमित रुपमा गरिएकोछ ।

- स्थानीय तहबाट सञ्चालित योजना तथा सेवा प्रवाहको नियमित रुपमा अनुगमन तथा निरिक्षण गरिएको छ । नगरपालिकाको सम्पूर्ण गतिविधिलाई जनता समक्ष लैजानको लागि नियमीत सार्वजनिक सुनुवाई गरिएको छ । नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयमा रहेका पुराना घटना दर्ता किताबहरुलाई Digitization गरिएकोछ ।
- नगरपालिकाको Website को नियमित Maintenance and Update भैरहेको छ । अग्नि नियन्त्रणको लागि Fire Brigade र आवश्यक कमाचारिहरुको समेत व्यवस्था गरिएको डिजिटल नागरिक वडापत्र तयार गरिएको छ ।
- नगरपालिकाको विभिन्न सेवा प्रदान गर्ने व्यवस्थालाई व्यवस्थित गर्ने उदेश्यले नगरपालिकाको मोबाइल एप प्रणाली परामर्श सेवा तथा खरिदको तयारी अन्तिम चरणमा रहेको छ ।
- नगरपालिका क्षेत्रभित्र विगतमा निर्माण गरिएका सम्पूर्ण विकास निर्माण, सामाजिक, आर्थिक क्षेत्रमा भएका गतिविधिहरु समेटिने गरी Drone बाट खिच्ने गरी Video Documentary तयार गरी LED बोर्डबाट प्रसारण गरिएको छ ।
- खरिदको लागि Electronic Bidding System व्यवस्थापन गरिएको छ EMIS सिस्टम व्यवस्थापन भएको छ ।
- विभिन्न सूचना प्रविधिको प्रयोग गरी नगरपालिकालाई E-Governance तर्फ उन्मुख गराउनको लागि प्रयास गरिएको छ ।
- कार्यपालिका सबै निर्णयहरू र हरेक महिनाको मासिक खर्च नगरपालिकाको वेबसाइटबाट सार्वजनिक गरिएको छ । नगरपालिकाका गतिविधिहरूलाई नियमित रूपमा फेसबुक तथा युट्युव जस्ता सामाजिक सञ्जालमा अद्यावधिक गरिएको छ ।
- सार्वजनिक खरिदलाई खुल्ला र प्रतिस्पर्धी बनाउन सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्ने वस्तु तथा सेवा समेत विद्युतीय खरिद प्रणालीबाट खरिद गर्ने गरिएको छ । ३ लाख सम्मका योजनाहरू वडाबाटै सम्झौता हुने गरी नगरपालिकाको सेवालाई वडा स्तरसम्म विकेन्द्रीकरण गरिएको छ ।
- नगरपालिका/वडा अन्तर्गतका बिभिन्न स्थानहरुमा राखिएका सिसिटिभी सरभेइलेन्स, Software/Hardware, सिस्टमहरुको नियमित नियमन तथा अनुगमन गरिएको छ । नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा थप सिसिटिभी जडानको लागि तयारी अन्तिम चरणमा रहेको छ । टोलविकास संस्थाहरुलाइ वाट्सअप मार्फत सूचना आदान प्रदान गर्ने गरी व्वस्थापन गरिएको छ ।

### ९.२६ स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन नतिजा

- सुशासन तथा सेवा प्रवाह सुधारको लागि नगरपालिकाले निरन्तर प्रयत्न गर्दै आएको छ । स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRAPP) मा ९४ अंक प्राप्त गर्न सफल भएको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ९९.० अंक प्राप्त गरी खैरहनी नगरपालिका देशमै दोस्रो स्थान हासिल गर्न सफल भएको छ ।

### ९.२७ सामाजिक परीक्षण, जाँचपास र फरफारक

- नगरपालिकाको नियमित सामाजिक परीक्षण भैरहकेको । सामुदायिक विद्यालयको नियमित सामाजिक परीक्षण भइरहेको छ । गत आर्थिक वर्षसम्म सम्पन्न भएका सबै आयोजनाको जाँचपास फरफारक भएको छ ।

### ९.२८ न्यायिक समिति सञ्चालन र व्यवस्थापन तथा सामाजिक मेलमिलाप

- नगरपालिकाभित्र न्यायमा सर्वसाधारणको पहुँच सुनिश्चित गर्न र कानुनी साक्षरता अभिवृद्धि गर्न न्यायिक समितिले सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। यसै सन्दर्भमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत विद्यार्थीहरूलाई लक्षित गरी "डिजिटल प्रविधिको प्रयोग र लैङ्गिक हिंसा न्यूनीकरण" विषयक कार्यक्रम सम्पन्न गरिएको छ।
- न्यायिक समितिका पदाधिकारी र १३ वटै वडाका मेलमिलाप केन्द्रका संयोजकहरूबीच मेलमिलाप कार्यसम्पादनलाई थप चुस्त बनाउन अनुभव आदानप्रदान तथा अन्तर्क्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ।
- विशेष गरी अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच अभिवृद्धि गर्न नगरपालिकाका साविकका चारवटै गाविसहरू (चैनपुर, खैरहनी, कठार र कुमरोज) मा "कानुनी घुम्ती शिविर" सञ्चालन गरिएको छ। यी शिविरहरू मार्फत २ सयभन्दा बढी नागरिकहरूलाई न्यायिक समितिको क्षेत्राधिकार, अपाङ्गता अधिकार सम्बन्धी संवैधानिक व्यवस्था र मुलुकी देवानी तथा फौजदारी संहिताका आधारभूत सिद्धान्तहरूबारे व्यावहारिक अनुशिक्षण प्रदान गरिएको छ। यस कार्यक्रमले समाजका सीमान्तकृत वर्गलाई स्थानीय स्तरबाटै प्राप्त हुने कानुनी सेवा र सुविधाबारे सचेत गराउन महत्वपूर्ण योगदान पुर्‍याएको छ।
- विवाद निरुपणको अवस्थालाई हेर्दा, चालु आर्थिक वर्षको फागुन २५ गतेसम्म न्यायिक समितिमा कूल ७० वटा विवादहरू दर्ता भएका छन्। जसमध्ये ४२ वटा विवादहरू मेलमिलाप तथा न्यायिक प्रक्रियाबाट समाधान भइसकेका छन् भने ११ वटा विवादहरूलाई कानुनी व्यवस्था अनुसार जिल्ला अदालतमा सिफारिस गरिएको छ। बाँकी १७ वटा विवादहरू हाल निरुपणको प्रक्रियामा रहेका छन्।
- समितिले नियमित रूपमा आगन्तुक सेवाग्राहीहरूलाई कानुनी परामर्श प्रदान गर्दै "न्यायका लागि अदालत नै धाउनुपर्ने" अवस्थाको अन्त्य गरी गाउँ-घरमै छिटो, छरितो र निष्पक्ष न्याय निरुपण गर्न प्रतिबद्ध रहेको व्यहोरा अवगत गराउँदछु।

## १०. ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूचीः

खैरहनी नगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची खैरहनी नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np मा कार्यविधि संगालो र ऐन, निमावली, दिग्दर्शन, निर्देशिका, नीति, प्रतिकार्य योजना मापदण्डको संगालो राखिएको छ ।

## ११. तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरणहरु समेत खैरहनी नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np र फेसबुक पेजमा समेत राखिएको छ।

## १२. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण

यस नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्दै आएको छ।

## १३. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण

खैरहनी नगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागि खैरहनी नगरपालिकाको आफ्नै वेबसाइट www.khairahanimun.gov.np रहेको छ।

## १४. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:

खैरहनी नगरपालिकाले संचालन गरेका कार्यक्रमहरु आ.व. २०८१/०८२ को बजेट, निति तथा कार्यक्रम अन्तर्गत रहेको छ। सोको प्रगति प्रतिवेदन यस नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np रहेको छ।

## १५. सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:

यस नगरपालिकाको सम्पुर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु नगरपालिकाको प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिको छ।

## १६. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले नगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ।

## १७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको सोको विवरण

महत्वपूर्ण सूचनाहरु राष्ट्र र त्यस्तो विवरण यस नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np मा राख्ने गरिएको छ।

## १८. खैरहनी नगरपालिकाका निर्वाचित जन प्रतिनिधिहरुको विवरण :

## नगरपालिकाका जन निर्वाचित पदाधिकारीहरूको सम्पर्क विवरण :

| क्र.स. | नाम, थर | पद | वडा | सम्पर्क |
|---|---|---|---|---|
| १ | **शशी कुमार खनिया** | **प्रमुख** | | ९८५५०१६७७७,<br>९८५११६५४०१ |
| २ | **कविता उप्रेती** | **उप प्रमुख** | | ९८५५०६२२१८<br>९८५५०१७८८८ |
| ३ | **नवराज भुषाल** | **वडा अध्यक्ष** | १ | ९८५५०६२२७५ |
| ४ | बुधरमिया महतो | कार्यपालिका सदस्य | १ | ९८६३४३२१२६ |
| ५ | सिर्जना सुनार | सदस्य | १ | ९८२९०२५६४१ |
| ६ | दिपेन्द्र चौधरी | सदस्य | १ | ९८५५०८०३३९ |
| ७ | **रोहिणी प्रसाद उप्रेती** | **वडा अध्यक्ष** | २ | ९८४५३१४८७८ |
| ८ | कमल खनाल | सदस्य | २ | ९८४५५३१९१२ |
| ९ | मिना सुनार | सदस्य | २ | ९८२६२७९५२१ |
| १० | आशी दराई | सदस्य | २ | ९८४५८४८०१८ |
| ११ | युवराज बोगटी | सदस्य | २ | ९८४५०६७७३६ |
| १२ | **पूर्ण बहादुर गुरुङ** | **वडा अध्यक्ष** | ३ | ९८५५०१५५४१ |
| १३ | प्रज्वला कुमारी घिमिरे | सदस्य | ३ | ९८४४२२५५८७ |
| १४ | विष्णु माया कामि | कार्यपालिका सदस्य | ३ | ९८४४३३४०३९ |
| १५ | आनन्द दराई | कार्यपालिका सदस्य | ३ | ९८४५०४४५८१ |
| १६ | माधव श्रेष्ठ | सदस्य | ३ | ९८४५३४४८८१ |
| १७ | कृष्ण बन्धु भुर्त्याल | सदस्य | ३ | ९८४५०७३१५० |
| १८ | **वेद बहादुर अधिकारी** | **वडा अध्यक्ष** | ४ | ९८४५०५१५९५ |
| १९ | निर्मला थापा | सदस्य | ४ | ९८४५९६२०६१ |
| २० | मिरा परियार | सदस्य | ४ | ९८२१८१९११२ |
| २१ | विवेक बिसुराल | सदस्य | ४ | ९८६२०९८१४९ |
| २२ | तेज बहादुर आले | सदस्य | ४ | ९८४५१६०७६४ |
| २३ | **छत्रनाथ सुवेदी** | **वडाअध्यक्ष** | ५ | ९८४५०६७९८२ |
| २४ | मगनी चौधरी | सदस्य | ५ | ९८४५१७४९६० |
| २५ | कुन्ती परियार | सदस्य | ५ | ९८४५१०४९१४ |

| क्र.स. | नाम, थर | पद | वडा | सम्पर्क |
| --- | --- | --- | --- | --- |
| २६ | सुरज सुवेदी | सदस्य | ५ | ९८५५०८३६७७ |
| २७ | छन्नु राम चौधरी | सदस्य | ५ | ९८५११८८१६७ |
| २८ | **कमल प्रसाद न्यौपाने** | **वडा अध्यक्ष** | ६ | ९८४५०८९२०८ |
| २९ | कमला कु. बस्नेत | सदस्य | ६ | ९८४५४०८७८५ |
| ३० | मेनुका परियार | कार्यपालिका सदस्य | ६ | ९८२१२१९६५१ |
| ३१ | विकेन्द्र चौधरी | सदस्य | ६ | ९८६५०४१०३९ |
| ३२ | जीवन कुमार चौधरी | सदस्य | ६ | ९८१५२४७८१९ |
| ३३ | **मनेजर महतो** | **वडा अध्यक्ष** | ७ | ९८५५०५०३१७ |
| ३४ | सोमिया चौधरी | सदस्य | ७ | ९८४५९२८४७८ |
| ३५ | विष्णु माया विश्वकर्मा | सदस्य | ७ | ९८१८६२१२८३ |
| ३६ | जीवन कुमार श्रेष्ठ | सदस्य | ७ | ९८४५०६३९८९ |
| ३७ | मरल महतो थारु | सदस्य | ७ | ९८४५५६३५२० |
| ३८ | **शंकर कंडेल** | **वडा अध्यक्ष** | ८ | ९८४५१३८६२३ |
| ३९ | वर्षा चौधरी | सदस्य | ८ | ९८०९२२७३५० |
| ४० | मिना विश्वकर्मा | सदस्य | ८ | ९८६५०७६८०४ |
| ४१ | श्याम कुमार पाठक | सदस्य | ८ | ९८६१६४९४४० |
| ४२ | अनिल श्रेष्ठ | सदस्य | ८ | ९८५५०८०७७० |
| ४३ | **बन्धु राम महतो** | **वडा अध्यक्ष** | ९ | ९८५५०५१३४९ |
| ४४ | बिक्रमिया महतो | कार्यपालिका सदस्य | ९ | ९८४५५५०२६३ |
| ४५ | विनु विश्वकर्मा | सदस्य | ९ | ९८४५०९१९८३ |
| ४६ | नविन चौधरी | सदस्य | ९ | ९८६१२८१५२० |
| ४७ | नारायण भण्डारी | सदस्य | ९ | ९८४५०६८४३६ |
| ४८ | **चन्द्र बिक्रम चौधरी** | **वडा अध्यक्ष** | १० | ९८५५०६५३४२ |
| ४९ | मैया बि.क. | कार्यपालिका सदस्य | १० | ९८४५०८९२८५ |
| ५० | मिरा चौधरी | सदस्य | १० | ९८४५११२५७६ |
| ५१ | जेयान्ति कुमारी पासवान | सदस्य | १० | ९८१२२३७६८६ |
| ५२ | नवराज पाठक | सदस्य | १० | ९८६५३५८०४८ |
| ५३ | सुरेन्द्र चौधरी | सदस्य | १० | ९८०९१९३९६८ |

| क्र.स. | नाम, थर | पद | वडा | सम्पर्क |
|---|---|---|---|---|
| ५४ | **दिपेन्द्र कुमार दराई** | **वडा अध्यक्ष** | ११ | ९८४५१४२५५८ |
| ५५ | गोमा देवी घर्ती | कार्यपालिका सदस्य | ११ | ९८४५१३२९९३ |
| ५६ | सरस्वती वि.क. | सदस्य | ११ | ९८४५८१००९० |
| ५७ | राधिका सुवेदी | सदस्य | ११ | ९८१७२३६२०३ |
| ५८ | रामशरण दरै | सदस्य | ११ | ९८१५२३७३८९ |
| ५९ | **केदार नाथ पन्त** | **वडा अध्यक्ष** | १२ | ९८५५०६६७८३ |
| ६० | दुखीराम दराई | कार्यपालिका सदस्य | १२ | ९८६५०४५२०७ |
| ६१ | अनिता चौधरी | सदस्य | १२ | ९८४५१४२१३० |
| ६२ | श्रीमाया कार्की | सदस्य | १२ | ९८४५१४१६५६ |
| ६३ | एकला महतो | सदस्य | १२ | ९८२३०९४४९५ |
| ६४ | श्याम प्रसाद रेग्मी | सदस्य | १२ | ९८४५२७३८५२ |
| ६५ | **कुल प्रसाद भुषाल** | **वडा अध्यक्ष** | १३ | ९८५५०५८२९४ |
| ६६ | मनमाया तामांग | सदस्य | १३ | ९८१३६१४६६० |
| ६७ | नारन देवी परियार | सदस्य | १३ | ९८५५०६६७६४ |
| ६८ | जीवन कार्की | सदस्य | १३ | ९८५५०७३२६२ |
| ६९ | शिव प्रसाद भुषाल | सदस्य | १३ | ९८४५०६४९६६ |

## १९. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, थार

| क्र.स. | नाम | पद | फोन नम्बर |
|---|---|---|---|
| १. | नेत्रप्रसाद पोडेल | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०१५१११ |
| २. | दामोदर अधिकारी | सूचना अधिकारी | ९८४५०५०६७१ |